वर्ष : १५, अंक : २८, काठमाडौं, २०७६ कार्तिक २२ गते शुक्रबार, 8 November 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

मेरो मुलुक मेरो हस्ताक्षर
कार्तिक ३० गते बसन्तपुर जाऔं।
राष्ट्रको पक्षमा हस्ताक्षर गरौं।
११ बजे देखि आरम्भ।
जय मातृभूमि !

## सीमा विवाद : प्रतिवाद होइन, सम्वाद आवश्यक

काठमाडौं । भारतले नेपालको झण्डै ३ सय ७२ वर्ग किलोमिटरभन्दा धेरै जमिन आफ्नो भन्दै नयाँ राजनीतिक नक्सा सार्वजनिक गरे पछि त्यसको तरंगबाट काठमाडौं कम्पित भएको छ । दार्चुला जिल्लाको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई भारतले सार्वजनिक गरेको राजनीतिक नक्सामा समेटेको छ । यसअघि पनि यो क्षेत्र आफ्नो भन्दै भारतले दाबी गर्दै आएको थियो ।

(थप जानकारी पृष्ठ ४ मा)

जम्मू-कश्मीर औपचारिक रूपमा दुईवटा केन्द्रशासित राज्यमा विभाजित भएसँगै नरेन्द्र मोदी नेतृत्वको सरकारले भारतको नयाँ नक्सा सार्वजनिक गर्ने क्रममा नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई आफ्नो नक्सामा समावेश गरेको हो । भारत सरकारले ३१ अक्टोबरदेखि अस्तित्वमा आएका दुई भिन्ना भिन्नै केन्द्रशासित प्रदेश (युनियन टेरिटरी) जम्मू-कश्मीर र लद्दाखसहितको देशको औपचारिक राजनीतिक नक्सा सार्वजनिक गर्दा नेपालको भूभाग पनि आफ्नो सीमाभित्र मिसाएको भन्ने दाबी नेपालमा छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## राजपाले समाजवादीसँग तालमेल गर्ने

काठमाडौं । आगामी मंसिर १४ गते हुने विभिन्न तहको उपनिर्वाचनमा राष्ट्रिय जनता पार्टी नेपालले समाजवादी पार्टीसँग तालमेल गर्ने भएको छ । मंगलबार बबरमहलस्थित राजपा नेपालको केन्द्रीय कार्यालयमा संयोजक महन्थ ठाकुरको अध्यक्षतामा बसेको अध्यक्षमण्डलको बैठकले सो निर्णय गरेको हो । उपनिर्वाचनमा दिइने उम्मेदवारीको सम्बन्धमा निर्णय गर्नुपूर्व समाजवादी पार्टीसँग अविलम्ब वार्ता गरी पहल गर्ने निर्णय अध्यक्षमण्डलको बैठकले गरेको हो ।

यसअघि पनि प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा राजपा नेपाल र तत्कालीन संघीय समाजवादी फोरम नेपालले प्रदेश २ मा चुनावी तालमेल गरेको थियो । सोही बैठकमा राजपा नेपालको तदर्थ समिति गठन निर्देशिका २०७६ को दफा ६ (ग) मा संशोधन गरी वाक्यको अन्त्यमा 'प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय तदर्थ समिति बढीमा ७१ सदस्यीय हुनेछ' भनी थप्ने निर्णयसमेत गरेको संयोजक ठाकुरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## काठमाडौंमा आमसभा गर्दै सीके राउत



काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले काठमाडौंमा आमसभा गर्ने भएको छ । काठमाडौंको खुलामञ्चमा मंसिर ७ गते डा.राउत नेतृत्वको पार्टीले आमसभा गर्न लागेको छ । आमसभालाई जनमत पार्टीले 'रंगभेद विरूद्ध एकताको दिवस' भनेको छ । उक्त पार्टीले प्रत्येक वर्ष मंसिर १० गते रंगभेद विरूद्धको दिवस मनाउँदै आएको छ ।

आमसभाका लागि एक महिनादेखि तयारी भइरहेको छ भने सभामा मधेशका विभिन्न जिल्लाबाट समेत सहभागिता रहनेछ । यसअघि राउतले २०६८ साल चैत्र १८ गते संघीय मोर्चाले आयोजना गरेको आमसभालाई खुल्ला मञ्चमा सम्बोधन गरेका थिए । २०७५ फागुन २४ गते सरकारसँग ११ बुँदे सहमति गरी मूलधारको राजनीतिमा आएका राउतले आफ्नो नेतृत्वमा जनमत पार्टी गठन गरेका हुन् ।

# धर्मसंकटमा उपेन्द्र यादव

# उपप्रधानमन्त्री पद निल्नु न ओकल्नु !

**मधेशवाणी डेस्क**

काठमाडौं । संविधानको पुनर्लेखन नै गर्नुपर्ने माग गरेका उपप्रधानमन्त्री तथा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव अहिले रनभुल्लमा परेका छन् । संविधानको पुनर्लेखनको कुरा परै जाओस्, संशोधनको मुद्दामा दुई बुँदे सहमति गरेका सत्तारोहण गरेका यादवलाई अहिले आफनो सरकारी पद जोगाउन मुस्किल परेको छ । नयाँ शक्ति पार्टीसँग एकीकरण पछि आफनो माग पूरा नभए सरकार पनि छाड्न सक्ने उनले पटक-पटक अभिव्यक्ति पनि दिए । उपप्रधानमन्त्री भएर पनि सरकारकै खरो आलोचनाम उत्रिएका यादवलाई प्रधानमन्त्री केपी शर्मा ओलीले व्यवहार सुधार्न चेतावनी दिएपछि उनी अहिले दोधारमा परेका छन् । ओलीले यादवलाई पदबाट हटाइ दिने पनि धम्की दिएको पार्टीभित्र चर्चा चलेको छ ।



उपप्रधान, स्वास्थ्य तथा जनसंख्यामन्त्री एवं समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव

क्याबिनेट बैठकमा पनि नआउने, मन्त्रालयको काम पनि राम्ररी नगर्ने, उल्टै सरकारको विरोधमा बयानबाजी गर्ने भए तपाईं सरकार छोड्नुस भनेर प्रधानमन्त्रीले सन्देश पठाएको समाजवादी पार्टीका एक नेताको दावी छ । सरकारकै आलोचनामा यादव उत्रेपछि प्रधानमन्त्री थप रूष्ट बनेका हुन । सरकारको आलोचना गर्नुभन्दा 'विकल्प खोज्न' प्रधानमन्त्री ओलीले यादवलाई निर्देशन दिइसकेका छन् ।

विदेश भ्रमणमा मोह राख्ने तर मन्त्रीपरिषद् बैठक छल्न खोज्नेमात्रै होइन, आधारभूत स्वास्थ्यसम्बन्धी नयाँ नीति ल्याउन निर्देशन दिँदा पनि यादवले ल्याउन नसकेकोमा प्रधानमन्त्री ओली उनीप्रति पछिल्लो समय थप असन्तुष्ट बनेका हुन ।

सोही पार्टीका अर्का मन्त्री अर्थात् सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईले भने प्रभावकारी काम गरिरहेको प्रधानमन्त्रीको विश्लेषण छ तर यादवले सरकारलाई सफल बनाउन कुनै काम नगरेको प्रधानमन्त्रीको बुझाइ रहेको छ ।

प्रधानमन्त्रीबाट त्यस्तो सन्देश पाएपछि यावदले नेकपाका अर्का अध्यक्ष प्रचण्डलाई गुहारेका हुन उनले प्रचण्डलाई भेटेर नै प्रधानमन्त्रीले आफूलाई हटाउन लागेको जानकारी गराउँदै यसमा मध्यस्थता गर्न आग्रह गरेका छन् ।

गठबन्धन राजनीतिमा नैतिकता प्रदर्शन गर्न नसकेको पनि बालुवाटारको अर्को बुझाइ छ । त्यसमाथि समाजवादी पार्टीका अर्का अध्यक्ष बाबुराम भट्टराईले सार्वजनिक मञ्चबाट सरकारको आलोचना गर्दा यादवले नियन्त्रण गर्न नखोजेको, संविधान संशोधन नभएमा छठलगत्तै सरकार छाड्ने धम्कीपूर्ण भाषा प्रयोग गरेको, पहिचानवादीको नाममा पुन: मुलुकलाई अराजक दिशातर्फ लैजान खोजेको बुझाइ नेकपाभित्र बढेको छ ।

यादवले सरकारमै रहने वा सरकारबाट बाहिरिने भन्नेबारे तत्काल निर्णय लिन सकेका छैनन् । पार्टीभित्र छलफल गरेर आवश्यक निर्णय लिने उनको योजना छ । यस विषयमा कात्तिक ३० र ३१ गते बस्ने पार्टीको केन्द्रीय समिति बैठकमा छलफल हुने बताइएको छ । सो बैठकमा राजपा नेपालसँगको एकताको विषयमा पनि छलफल हुनेछ ।

यादवमाथि आफनो पार्टी भित्रबाट पनि दबाब रहेको छ । संविधान संशोधन गर्ने लिखित सहमति गरेर डेढ वर्षअघि सरकारमा सहभागी भएका थिए । तर सरकार र सत्तारूढ दल नेकपाले संविधान संशोधनको पहल नगरेको र सरकारले गरिरहेका विभिन्न नियुक्तीमा समेत पार्टीलाई कुनै भागबन्डा दिलाउन नसकेको भन्दै पार्टीका नेताहरूले पनि यादवप्रति असन्तुष्टि जनाएका छन । उनीहरूले यादवलाई सरकार छाड्न पनि तीव्र दबाब दिँदा उनी थप संकटमा परेका छन् ।

**ओलीलाई आँट छ भने सरकारबाट निकालोस् : उपाध्यक्ष रेणु यादव**



अन्तर्वार्ता पृष्ठ ३ मा

## प्रदेश २ ले गुप्तचर निकाय बनाउने

जनकपुरधाम । प्रदेश २ सरकारले आफ्नै अनुसन्धान ब्यूरो गठन गर्न विधेयक ल्याएको छ । यसअघि प्रदेश सरकारले प्रदेश प्रहरीसम्बन्धी विधेयक पारित गरिसकेको छ । प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले संविधानप्रदत्त अधिकारबमोजिम प्रदेश अनुसन्धान ब्यूरो गठनका लागि विधेयक ल्याइएको बताए । प्रदेश सरकारले प्रदेश अनुसन्धान ब्यूरो गठनका निम्ति चाहिने विधेयक निर्माण प्रक्रियालाई निकै अगाडि बढाइसकेको छ ।

मन्त्री यादवका अनुसार विधेयक अहिले कार्य व्यवस्था समितिबाट पारित भएर कानुन मन्त्रालयमा आइसकेको र अब प्रदेश सभामा दर्ता हुने क्रममा छ । 'सम्भवत: यो हप्ताभित्र नै दर्ता हुन्छ', उनले भने । प्रदेश अनुसन्धान ब्यूरोले केन्द्रमा राष्ट्रिय अनुसन्धान ब्यूरोले गर्ने प्रकृतिकै काम गर्नेछ । 'केन्द्रमा राष्ट्रिय अनुसन्धान ब्यूरो भएजस्तै प्रदेश अनुसन्धान ब्यूरो हुनेछ । त्यसले देशभरि काम गर्छ भने यसले प्रदेशभरि सूचना संकलनको काम गर्नेछ', मन्त्री यादवले भने ।

संविधानमा उल्लेख गरिएअनुसार नै प्रदेश अनुसन्धान ब्यूरो गठन हुने भएकोले त्यसबारे खासै विवाद नहुने पनि उनको तर्क छ ।

## डा.रश्मी नासाबाट सम्मानित



काठमाडौं । डाक्टर रश्मी शाह अमेरिकी अन्तरिक्ष संस्था नासाबाट सम्मानित भएकी छन् । नासाले उनलाई अर्ली करिअर पब्लिक अचिभमेन्ट मेडलले सम्मानित गरेको हो । धनुषा जिल्लामा जन्मेकी साह नासाको जेल प्रोपल्सन लेबोरेटरीमा रिसर्च टेक्नोलोजिस्टका रूपमा कार्यरत छिन् । सन् २०१४ मा पर्डयु विश्वविद्यालयबाट एरोनोटिक्स र एस्ट्रोनोटिक्समा पीएचडी गरेदेखि उनी नासामा कार्यरत छिन् ।

नासाका कुनै कर्मचारीले नासामा आवद्ध भएको पहिलो १० बर्षमा नासाको मिशनका लागि असमान्य तथा अत्यन्तै महत्वपूर्ण योगदान दिएको खण्डमा यस्तो अवार्ड प्रदान गरिन्छ । साहले नासामा आवद्ध भएको ५ बर्षमै अत्यन्तै महत्वपूर्ण योगदान दिएका कारण यो अवार्ड प्राप्त गरेकी हुन् ।

साहले माटोको मोस्चर मापन, आद्रभूमि, हिउँको गहिराई र समुन्द्री सतहको गुणको मापनका क्षेत्रमा विशेष योगदान दिएकी थिइन् । नेपालकी मधेशी महिलाले अमेरिकामा आएर यो उपलब्धी हासिल गर्नुलाई निकै सकारात्मक लिइएको छ ।






## सम्पादकीय



# भ्रमण वर्ष र प्रदेश २

२० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित नेपाल सरकारले घोषणा गरेको 'नेपाल भ्रमण वर्ष २०२०' जनकपुरबाट शुभारम्भ गरिएको छ। प्रदेश २ को अस्थायी राजधानी जनकपुरधामबाट संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री योगेश भट्टराईले यसको शुभारम्भ गरे। सरकारले आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्ने हिसाबले २०२० लाई नेपाल पर्यटन वर्ष (नेपाल टुरिजम इयर) घोषणा गरी थालेको अभियान विधिवत् सुरू भएको हो। नेपालमा सन् २०३० भित्र वार्षिक ५० लाख विदेशी पर्यटक भित्र्याउने महत्वाकांक्षी योजनाका साथ यो अभियान प्रारम्भ गरिएको हो।

जनकपुरधामको ऐतिहासिक तिरहुतिया गाछीमा आयोजित एक भव्य समारोहबीच प्रदेश सरकार र नेपाल सरकारका प्रतिनिधिको उपस्थितिबीच शुभारम्भ गरिएको हो। मन्त्री भट्टराई, प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत, प्रदेशका उद्योग वन तथा पर्यटनमन्त्री रामनरेश रायले संयुक्त रूपमा नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भ गरे। नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भ नेपालकै पवित्र भूमि जनकपुरधामबाट हुनु अत्यन्तै हर्षको विषय हो। यो अनुभूति मन्त्री भटराईले पनि प्रकट गरे। प्रदेश २ को कला, संस्कृति, सभ्यतालाई धार्मिक केन्द्रको हबको रूपमा विकास गर्न सकियो भने सम्पूर्ण नेपालको विकास गर्न सहज हुने अभिप्रायका साथ अभियानको सुरूवात जनकपुरबाट गरिएको हो।

प्रदेश २ मा सयौं धार्मिक तथा पर्यटकीय स्थल रहेकाले यस्तो अभियानले यसलाई देशबाहिरका पर्यटकसँग जोड्न मद्दत पुग्नेछ। पर्यटनको प्रचुर सम्भावना बोकेको

**प्रदेश २ मा सयौं धार्मिक तथा पर्यटकीय स्थल रहेकाले यस्तो अभियानले यसलाई देशबाहिरका पर्यटकसँग जोड्न मद्दत पुग्नेछ। पर्यटनको प्रचुर सम्भावना बोकेको प्रदेशमा पर्यटन संस्कृतिको विकास गर्न नसकेकाले सोचे अनुरूप यसको फाइदा उठाउन नसकिएकै हो।**

प्रदेशमा पर्यटन संस्कृतिको विकास गर्न नसकेकाले सोचे अनुरूप यसको फाइदा उठाउन नसकिएकै हो तर अब रामायण सर्किटको माध्यमबाट बर्सेनि हजारौं पर्यटक भित्रयाउनु आवश्यक छ।

हिन्दू धर्मावलम्बीको प्रमुख धार्मिकस्थल रामायण, बुद्ध सर्किटजस्ता पुरातात्विक तथा ऐतिहासिक मौलिकता बोकेको स्थानलाई किटान गरी पर्यटन प्रवर्द्धनलाई बढाबा दिन सकिन्छ। पर्यटन करिडोर तोकेर र जनकपुरधाम, पशुपति, मुक्तिनाथ, मनकामनाजस्ता धार्मिक महत्वका स्थललाई जोडेर भारतलगायत विश्वका हिन्दूलाई यहाँ ल्याउन सकिए देशको आर्थिक विकासको मुहान फुटाउनु सकिन्छ।

तर यसका साथै सफा, सुन्दर, स्वच्छ वातावरण आवश्यक हुनुपर्छ। पर्यटक जनकपुर आउँदा यहाँको फोहोर र दुर्गन्धले भाग्नु नपरोस् भन्ने अवस्थाको सृजना गरिनुपर्छ। यसका साथै जनकपुर मिथिला र मैथिली संस्कृति र सभ्यता प्राचीनकालदेखि नै अग्रणी स्थानमा रहेकाले मिथिलाको गौरव गाथा उजागर गर्ने दायित्व यहाँको सरकारको रहेको छ। यता भ्रमण वर्ष अभियानले विशेषगरी पाँच कुरा 'कल्चरल', 'एडभेन्चर', 'स्प्रीचुवल', 'वाइल्डलाइफ' र 'माइस टुरिज्म'लाई प्राथमिकतामा राखेका छन्। धार्मिक, सांस्कृति र पर्यटकले परिचित रहेको प्रदेश २ पनि सरकारको प्राथमिकतामै पर्छन्। तर, भ्रमण वर्ष सुरू हुन् करिब दुई महिना मात्र बाँकी भए पनि प्रदेश २ मा यसको कुनै सुरसार देखिएको छैनन्।

पर्यटकको मुख्य आकर्षण केन्द्र मध्ये एक रहेको जनकपुरसहित प्रदेश २ मा भने भ्रमण वर्ष तयारीको चहलपहल शून्य छ। अन्य पर्यटकीय ठाउँमा भ्रमण वर्षको प्रचारप्रसार सुरू भए पनि यहाँ न तयारी छ, न त सरोकारबला निकायलाई जानकारी नै। स्थानीय सरकारदेखि सरोकारवाला सबै बेखबर छन्।

यस्ता अभियानलाई निरन्तरता दिनुपर्छ। सरकारले लक्ष्य लिनु राम्रो हो। तर आवश्यक पूर्वधार पनि बनाउँदै जान आवश्यक छ। हवाईजहाजबाहेक सडकमार्गबाट पनि धेरै पर्यटक प्रदेश २ मा भित्र्याउन सकिन्छ। तर भारतीय ल्याउन पनि प्रदेश २ सँग जोडिएका सडकको अवस्था नाजुक छ। पूर्वाधारको चुनौती एकातिर छँदै छ अर्कोतिर जनशक्तिको गुणस्तर र दक्ष जनशक्तिको अभाव पनि देखिन्छ। होटललगायत पर्यटनका अन्य क्षेत्रमा आवश्यक जनशक्तिको अभाव छ। पर्यटकलाई दिने सेवा तथा सुविधा र सेवाहरू पनि उपलब्ध नहुँदा त्यसले झन् नराम्रो असर पार्छ। प्रदेश सरकारले यसतर्फ पनि ध्यान दिनु जरूरी छ। अनि मात्र नेपाल भ्रमण वर्ष सफल हुन सक्छ।

## साताको सात बात



जनताको भावनामा ठेस नलाग्ने गरी प्रदेश ५ को राजधानी तोकिनेछ। सबै जिल्लालाई पायक पर्ने गरी, विकास नभएको ठाउँमा प्रदेश राजधानी तोक्ने विश्वव्यापी मान्यता र उदाहरण छन् त्यस विषयमा सहमति भईसकेको छ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



संघीयता कार्यान्वयनका अप्ठ्यारा दिनहरू सरकारले पार गरिसकेको छ। संविधानअनुसार तीनै तहले आफ्नो अधिकार क्षेत्रभित्रका काम गर्दा संघीयता कार्यान्जयनमा झनै सहजनता आउँछ। **लालबाबु पण्डित, संघीय मामिला तथा समान्य प्रशासनमन्त्री**



राजनीतिक संरक्षणवादको नाममा दलहरूले कानुनी राज्यको सिद्धान्तको बर्खिलाप जस्तोसुकै कदम पनि चाल्न थालेका छन्। आफ्ना दलीय कार्यकर्ता र भोट बैंकको संरक्षण गर्ने नाममा अदालतका फैसलाको अपमान र तिरस्कार हुने गरेको छ। **सुशीला कार्की, पूर्वप्रन्धानन्यायाधिश**



वर्तमान सरकारसँग जनता निराश छन्। हिजो एउटा सरकार थियो अहिले मुलुकमा तीन वटा सरकार छ। तीन तहका सरकारबीचमा कार्यविभाजन संविधानले नै तोकेको छ। त्यो अनुरूप कानूनहरू निर्माण गरेर अगाडि बढ्नुपर्छ। **डा.रामशरण महत, नेता, नेपाली कांग्रेस**



निर्वाचन प्रणाली परिवर्तन नभएसम्म महिलाले समानता पाउँदैनन्। समानुपातिक तथा प्रत्यक्ष निर्वाचन प्रणालीका कारण क्षमता हुनेले चुनावमा टिकट नपाउने र पैसा नहुनेले समानुपातिकमा नै सीट सुरक्षित देख्ने भएका कारण पुरूष बराबर प्रत्यक्ष निर्वाचनमा महिलाहरू कम लड्ने गरेको हुन्। **पदमा अर्याल, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री**



लैगिंक हिंसा घरभित्रै हुन्छ, समाजभित्रै भइरहेको छ।कुनै पनि सरकारले यसलाई नियन्त्रण गर्न सक्दैन। घर र समाजकै व्यक्तिहरूले नियन्त्रण गर्नु जरूरी छ। लैंगिक हिंसाविरूद्व सरकारले कानून बनाएर चेतनामूलक कार्यक्रमहरू गरिरहेको छ। **नवलकिशोर साह, सामाजिक विकासमन्त्री, प्रदेश २**



हामीकहाँ विगतका कार्यक्रमको निरन्तरतामा मात्रै समृद्धिका सपना देखियो, तर देशको वस्तुगत अवस्था गरिबी, बेरोजगारी, दक्षता र प्रविधि प्रयोगको समस्याबारे जनतालाई स्पष्ट पार्न आवश्यक ठानिएन। **जनार्दन शर्मा, नेता, नेपाल कम्युनिष्ट पार्टी**

# राजनीतिको शुद्धीकरण कि प्रतिशोधको राजनीति

विचार-विश्लेषण भाग-४६



उपेन्द्र झा

**नेपालको राजनीतिलाई जनहित तथा देशहितका लागि प्रयोग गर्न यसको स्वच्छता आवश्यक छ। यसलाई अपराधी र माफियाको चंगुलबाट बाहिर ल्याउन आवश्यक छ। अपराधीको हातमा राजनीति रहेसम्म 'संघीय लोकतान्त्रिक गणतन्त्रतको भविष्य छैन।'**

राजनीतिको शुद्धिकरण कि प्रतिशोधको राजनीति

राजनीतिलाई जनउत्तरदायी बनाउन अनेक लडाँई लडिए पनि राजनीतिमा जनताको सहज पहुँच बनाउन सकिएको छैन। संघीय लोकतान्त्रिक गणतन्त्रको शासन पद्धति लागु भएको छ तर यो जनताको पहुँचभन्दा बाहिर छ। जनताले आफ्नो ईच्छा बमोजिम जनप्रतिनिधि छान्न सकिरहेका छैनन्। राजनीतिलाई पैसावाल, अपराधी माफियाहरूले आफ्नो सेवाको लागि कब्जा गरिरहेकाले यो जनताका लागि सुलभ हुन सकेन। विगतको चुनावमा (स्थानीय प्रादेशिक र संघीय सरकारको) खर्च भएको वित्तिय आकार नेपालको आर्थिक बजेटभन्दा ठूलो थियो। गरिब मुलुकमा यति महँगो चुनावी प्रक्रिया अन्य देशमा पाइदैंन।

राजनीतिबाट अनैतिकता, अन्याय, अत्याचार, अपराध, भ्रष्टाचार हटाएर जनताको अपेक्षा पुरा गर्न स्वच्छ राजनीति सपना मै सीमित रह्यो। राजतन्त्रदेखि नेपाली कांग्रेस हुँदै कम्युनिष्टको सरकारसम्म आईपुग्दा अपराधीहरू व्यवस्था अनुरूप आकार परिवर्तन गर्दै विद्यमान रहेकाले संघीय लोकतान्त्रिक गणतन्त्रको पनि अपराधीकरण कुरा जनताको चेतनासम्म पुग्न कठिन छ। नेपाली राजनीतिमा अपराधी माफियाहरूको छुट्टै मजबुत संसार छ। बाहिरबाट आउने जन-प्रतिनिधिले उनको अगाडि आत्मसमर्पण गर्नैपर्ने बाध्यता छ। कानुनी संरक्षण पाउन राजनीतिक छहारीमा जम्मा भएका अपराधी माफियाहरूले पार्टीहरूलाई अपेक्षाभन्दा बढि सहयोग गरेर संरक्षण पाएका छन्।

महँगो चुनाव जितेर राज्यसत्तामा उपस्थित रहने पार्टीहरूका नेतृत्वपंक्ति पनि धनलाभको आशमा अपराधलाई प्रोत्साहन गरि आफूलाई पनि परिवर्तन गरेका हुन्छन्। पैसा खोज्दै हिड्ने जनप्रतिनिधिहरू यसरी अपराधी माफियाको संगठनमा संगठित हुँदै जान्छ र उसको सशक्तता बढ्दै जान्छ। यसरी नेपाली राजनीतिमा भ्रष्ट र अपराधको प्रवृत्ति फस्टाएको हो। पैसाको बलमा जे पनि गर्न सक्ने अपराधीहरूको मनोबल पार्टी अगुवाहरूको सहयोगबाट उच्च हुँदै नेपाली राजनीतिमा ठूलो किल्ला बनाई सकेका छन्। यसलाई भत्काउन, बिगार्न वा समाप्त पार्न सहज भने छैन।

अनैतिक कार्यबाट धन लाभ गर्न नेपाली कांग्रेस, एमाले र माओवादी समझदारी बनाई राख्ने अनेकौं उदाहरण विगतको राजनीतिमा पनि देख्न पाईन्छ। त्यो कार्यमा यिनको पारस्पारिक र वैचारिक भिन्नता समाप्त भएको देखिन्छ। जनतासँगको सरोकार, पार्टीको सिद्धान्त, इमान्दारिता, नैतिकता आदि सबै जिम्मेवारीको आवरण उतार्दै भ्रष्ट र अपराधको दुनियाँमा नांगो प्रवेश गर्दछन्। किनकी त्यहाँ अपराधबाहेक मानिससँग अरू केही हुँदैन।

पाप, पुण्य केही नमान्ने भ्रष्ट, अपराधीहरूले आफुनो बलबुतामा अपराधलाई लुकाएपनि एकदिन उजागर हुन्छ। गलत सुरूवातको गलत अन्त्य हुन्छ। जेजति कारणले होस् सजाँय भोग्न एकदिन त्यो अपराधीलाई उजागर हुनैपर्छ। अफताब आलम, कृष्ण बहादुर महरालगायत धेरै उदाहरणको रूपमा प्रस्तुत भईसकेका छन्।

अफताब आलम प्रकरणको नरसंहार ०६४ सालमा भएको हो। त्यसपछि जनअपेक्षित भनिएको नयाँ राजनीतिमा यो अपराधले कसरी संरक्षण पायो? यो राजनीतिको अपराधीकरणको परिणाम हो। अपराधी माफियाहरूको कब्जामा रहेको राजनीतिले संरक्षण दिएका कारण यतिका दिनसम्म उनले राहत पाए। आज सतही विचारमा नेपाली कांग्रेससँग प्रतिशोधको श्रृंखला जोड्न सरकारले अफताब आलमलाई न्यायको कठघरामा उभ्याएको हो भन्न सकिन्छ अथवा अलोकप्रिय बन्दै गईरहेको सरकार लोकप्रियता बढाउन अथवा जनसहानुभूति आर्जन गर्न यो न्यायिक कदम उठाएको भनियोस्। मानविय धरातलमा प्राकृतिक रूपले न्याय अन्यायको लेखाजोखा भई रहेको हुन्छ र मानिसले दण्ड र वरदान पाई रहेका हुन्छन्। यसमा कारण जेपनि बृद्धि अनुसार जोड्न सकिन्छ।

कृष्णबहादुर महरा प्रकरणमा पनि त्यही कुरा हो। सत्तामा आएपछि मनग्यै धन कमाउन सकिन्छ भन्ने सोचबाट प्रेरित राजनीतिका बहुरूपियाँहरू धन कमाउन अनेक अपराधमा संलग्न भएका हुन्छन्। सुनिन्छ, चीनबाट ५० करोड माग गरेको महराको भिडियो भाइरल भएपछि अख्तियारको फन्दामा पर्न लागेका महरालाई रातारात सभामुख पद दिएर सम्मानित गराइयो। के कारणले अपराधीलाई सम्मानित गरियो तथा के कारणले वर्तमान सरकारलाई लज्जित पार्ने गरि वर्तमान सभामुलाई अपराधी भनेर जेलमा कोचियो। यो रहस्यमयी घटनालाई सविस्तार जनसमक्ष यो सरकारले ल्याउन सक्छ? कसरी ल्याओस्? सरकारले त न्यायको प्रतिमूर्ति भएर दोस्रो लोककल्याणकारी उदाहरण प्रस्तुत गरेर जनसमक्ष सहानुभुति बटुल्ल उद्धत देखिन्छ।

राजनीतिको अपराधीकरण भएपछि यसरी अपराधीहरू बाहिर आउनु अस्वभाविक होईन। प्राकृतिक नियम अनुसार बाह्य वा आन्तरिक कारणले एकदिन अपराध उजागर हुने कसरा सर्वविदित छ। मुल विषय राजनीतिको अपराधीकरण तथा अपराधको राजनीतिकरण हो।

राजनीति जनताको अपेक्षा पुरा गर्ने माध्यम हुनुपर्छ। शासकको सेवामा सीमित राजनीतिको कुनै अर्थ हुँदैन। यो धेरै दिन टिक्दैन। भन्नका लागि 'जनताको सरकार' भन्ने गरिन्छ तर यो सरकारको चरित्र भने केन्द्रीकृत नै छ। चाहे स्थानीय, प्रादेशिक सरकार होस् वा संघीय सरकार आफ्नो प्रधानता स्थापित गराउन नै राजनीतिको प्रयोग गरेको देखिन्छ। त्यसैले त अपराधीले संरक्षण पाएका छन्।

विपन्न देशका दरिद्र मानसिकता पाएका राजनीतिकर्मी आफ्नो स्वार्थभन्दा माथि उठ्न सकेका छैनन्। स्वार्थमा रमाउने राजनीतिकर्मीहरू न जनसेवक बन्न सक्छन् न राष्ट्र सेवक नै। आफ्नो स्वार्थलाई राष्ट्रिय स्वार्थ बुझ्नेहरूको परम्परागत विकासका कारण देशको यस्तो दुर्दशा भएको हो। मानिसको विकास त भयो तर देश भिखारीको स्तरबाट बाहिर आउन सकेन। राजनीतिकर्मीहरूलाई यसको लज्जाबोध छैन।

नेपालको राजनीतिलाई जनहित तथा देशहितका लागि प्रयोग गर्न यसको स्वच्छता आवश्यक छ। यसलाई अपराधी र माफियाको चंगुलबाट बाहिर ल्याउन आवश्यक छ। अपराधीको हातमा राजनीति रहेसम्म 'संघीय लोकतान्त्रिक गणतन्त्रतको भविष्य छैन।' न देश र जनताको भविष्य सुरक्षित छ। राजनीति स्वच्छता, स्वतन्त्रताका लागि एउटा 'सम्पूर्ण क्रान्ति' कै आवश्यकता पर्छ। 'सम्पूर्ण क्रान्ति' ले नै जनअधिकार, देशको प्रगति र अमन चैन कायम गर्न सक्दछ।, यसको अब कुनै विकल्प छैन।

*janukjha24@gmail.com*

# मधेशमा सामा चकेवाको महत्व



सुधा मिश्र

डाला लअ बहार भेली बहिनो हे सभहक बहिनो
सभहक भैया लेल डाला छिन सुनु राम सजनी

सामाचकेबा पर्व समूहमा गाउँका महिलाहरू सँगै भेला भएर मनाउने गर्छन्। मधेशमा भाईबहिनीहरूको पर्व अति नै आत्मिय,गर्व र धूमधामको साथ मनाइने गरिन्छ। साउनमा रक्षा बन्धन कार्तिकमा भरदुतिया र त्यसपछि समाचकेबा मनाइने गरिन्छ।

छठ पर्वको खरना तिथिबाट सुरू हुने यो पर्व कार्तिक पूर्णिमाको दिन समाप्ति हुन्छ।खरनाको दिन महिला दिदीबहिनीहरूले माटोलाई समाचकेबाको रूप दिएर मूर्ति बनाउछन्। सिकी अथवा खर हालेर वृन्दावन र सन(सुत्री) हालेर चुगला बनाउछन्। त्यस्तै झाझुर कुत्ता,सत्तभैया,लड्डु बेच्ने महिला आदिको मुर्तिहरू बनाएर बाँसको चँगेरामा राख्ने गर्छन् जसलाई डाला भनिन्छ। डालामा डिबिया (काँचको शिशीमा बनाइएको मट्टीतेलबाट जलने साधन)राख्ने गर्नेछन्। राजा कृष्णको छोरी सामा अति नै मिलनसार र लोकप्रिय थिई। उनको राज्यमा प्रजाले यस्तो राजकुमारी पाएकोमा आनन्दित थिए। सामाको प्रजाको सुख दुखमा सहभागी हुने बानीले प्रजामा उनी अति नै लोकप्रिय थिई। उनको यो लोकप्रियता देखेर चुगला भनिने मान्छेलाई अतिनै जलन हुन्थ्यो। उनले धेरै चोटि समाको लोकप्रियतामा दाग लगाउन खोजेका थिए तर असफल हुन्थे। एकदिन सामा श्रीषिको आश्रम गएको दिन पारेर उनी कृष्ण सामू सामाको कुरा (चुगली)लाएका छन्। कृष्ण सत्य(तथ्यलाई खोजिनै नगरीकन चुगलाको कुरामा आएर सामालाई शराप दिएछन् र सामालाई कृष्णको शरापले पंक्षी भएर निस्किनु परेछ। आफ्नो दिदीलाई यस्तो शराप दिएको भनेर भाइ चिन्तित भएछन् र सामालाई शराप मुक्त गर्नको लागि घोर तपसया गर्न थालेका छन्। छोराको तपस्या देखि कृष्ण खुशी भएछन् र सत्य तथ्यलाई स्वीकार्दै सामालाई शरापबाट मुक्त गरेका छन्। यसरी भाइले बहिनीको लागि गरेको तपस्यालाई सम्झेर मिथिलामा सामा(चकेबा पर्वको शुरूवात भएको मानिन्छ र मनाउन थालिएको हो।

भाइबहिनीको पर्वहरूमा रक्षा बन्धन बहिनीले लगाइदिएको रक्षा सुत्रले भाइको रक्षा हुनेगर्छ भने भरदृतियामा गरेको पूजाबाट भाइको रक्षा भएको देखिन्छ। तर सामाचकेबामा एउटा भाइ नै बहिनीको रक्षा र न्यायको निम्ति काम गरेका छन्। त्यहि भएर सामा चकेबाको एउटै छुट्टै गरिमा मिथिलांचल क्षेत्रमा रहिआएको छ।

एकादशीको दिन सामाको सासुर(घर) बाट कहुतिया लिन आउँछ। त्यो दिनबाट एउटा छोरीको बिदाइसरह घरमा समदाउन गोसाउसिको गीत गाइने गरिन्छ। सामालाई नयाँ लुगामा र गरगहनामा श्रृगारिन्छ र रंगबिरंगि मिठाई लुगाफाटोको साथ पूर्णिमाको बिदाई गरिन्छ। सामालाई नदि, पोखरी वा भर्खरै जोतेको खेतमा भसाउने चलन छ। पूर्णिमाको दिन भाइहरूले सामाको मूर्तिलाई खुट्टाको ठेहुनामा लाएर फुटालने गर्छन् र बहिनीअरूले सामा फुटालेको खुशीमा नयाँ धानको चिउरा, सक्खर र लडु भाइलाई दिने गर्छन जसलाई मधेशमा फार भन्ने गरिन्छ। बहिनीहरूले भाइलाई फार भर्छन् र अन्तयमा भाइले त्यसबाट एक मुट्ठी सिनेहस्वरूप दिदीबहिनीलाई दिन्छन्।

सामा घर बाहिर दलान, वारि, चबुतरा आदि ठाउँमा खेल्ने गरिन्छ। राति सभ काम सकएर महिलाहरू घरबाट गीत गाउदै बाहिर निसक्न्छन् र एक ठाउँमा भेला भई डाला हेराफेरी गर्छन्। चुगलाको सामाको जीवनमा चुगली लाएको हुनाले चुगलाको मुख छर्काउने काम गर्छन्। मुखभरि कालो लाई दिन्छन। वृन्दाननमा आगोलाएर निभाँउछन्। सामा खेलिसकेपछि फेरि विघापति वा बटगवनी गीत गएर घर फर्कन्छन्।

कुंज भवन सँ निक्सल रे भेटल गिरधारी
छोडु कांहा मोर आँचर रे फाटत नवसारी
सँगक सखी अगुवायल रे हम असगर नारी
अपजयस होयत जगत भरी रे जुनी करू बटबारी

# राजपामा पुनः फर्कने बाटो बन्दै भएको छैन

**राजनीतिमा केही पनि असम्भव हुँदैन । किनभने एमालेको चुनावचिन्हबाट हामी चुनाव लड्छौं भन्ने सोचेको पनि थिएनौं । जब संविधान निर्माण गरिरहेका थियौं त्यो बेलाको परिस्थिति बेग्लै थियो । राजनीतिमा हरेक सम्भावनाहरू खुल्ला हुन्छन् । तर, अहिले हामीले विकल्प खोजेका छैनौं ।**



**वृजेश कुमार गुप्ता**
**सांसद तथा नेता, स्वतन्त्र राजनीतिक समूह**

**० स्वतन्त्र राजनीतिक समूहलाई क्रियाशील र विस्तार गर्ने तपाइँहरूको योजना कहाँ पुगेको छ ?**

–स्वतन्त्र राजनीतिक समूह पहिलादेखि नै क्रियाशील छँदैछ । हाम्रो संगठन छँदैछ । हामीले तत्कालीन एमालेको चुनाव चिन्ह लिएर चुनाव लड्यौं र केही हदसम्म सफलता पनि हात लाग्यो । त्यसकारण, हाम्रो समूह सक्रिय नै छ । हामी अहिले प्रदेश नं. ५ मा मात्रै छौं । अन्य प्रदेशका साथीहरू पनि हामीसँग जुड्न चाहेका छन् भने त्यसका लागि हामी खुल्ला छौं ।

**० भनेपछि अहिलेसम्म स्वतन्त्र राजनीतिक समूह प्रदेश ५ मा मात्र सीमित छ ?**

– निश्चितरूपमा हामी अहिलेसम्म प्रदेश ५ मा मात्र छौं । आम निर्वाचनमा हामीले प्रदेश ५ मा मात्रै उम्मेदवारी दिएका थियौं । तर अब अन्य प्रदेशका साथीहरू पनि हामीसँग जुड्न चाहेका छन् । अब अन्य प्रदेशमा पनि स्वतन्त्र राजनीतिक समूहमा जाँदैछ । यो कुनै पार्टी होइन र पार्टी बनाउने उद्देश्य पनि होइन । यो एउटा राजनीतिक समूह हो । अहिले पनि नेकपासँग हाम्रो वार्ता चलिरहेको छ । जबसम्म वार्ता निष्कर्ष पुग्दैन तबसम्म हामी त्यस्तै बस्दैनौं, केही न केही गतिविधि गरिरहन्छौं ।

**० काठमाडौंमा सम्पर्क कार्यालय खोल्ने पनि निर्णय भएको थियो नि ?**

– अहिले स्वतन्त्र राजनीतिक समूहको तर्फबाट दुई जना संघीय संसदमा सांसद छन् । हाम्रा नेता कार्यकर्ताहरू काठमाडौं आउँदा हामीसँग भेट्ने कुनै निश्चित स्थान छैन । त्यसैले, राजनीतिक भेटघाटका लागि हामीले सम्पर्क कार्यालय खोल्ने निर्णय गरेका थियौं । त्यसका लागि साथीहरूले प्रयास गरिरहेका छन् ।

**० तपाइँहरू नेकपामा प्रवेश गर्ने कुरामा 'ब्रेक' लागेको हो?**

– नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गर्ने सम्भावना समाप्त भइसकेको छैन । अहिले पनि नेकपाका नेताहरूसँग कुराकानी भइरहेकै छ । विभिन्न चरणमा कुराकानी भइरहेको छ । हामी एमालेको चुनाव चिन्ह लिएर चुनाव लड्ने बेलामा एउटा एजेन्डामा सहमति गरेका थियौं र त्यसमा एमालेका नेताहरू सहमत पनि भएका थिए । सबैखाले विभेद अन्त्य गर्नुपर्ने, विकास निर्माणमा लाग्ने लगायतका मुद्दाहरूमा हामीबीच सहमति भएको थियो । त्यस आधारमा हामीले तत्कालीन वाम गठबन्धनसँग मिलेर चुनाव लड्यौं । नेकपाको तर्फबाट अहिलेसम्म कुनै ठोस निर्णय नआएकोले सम्भावना जीवितै छ । विभिन्न समय परिस्थितिले वार्ता टुंगोमा पुगेको छैन ।

**० भनेपछि नेकपामा जाने बाटो बन्द भएको छैन ?**

– बिल्कुल बन्द भएको छैन । हामीले कुनै पार्टी गठन गरिसकेको भए नेकपामा जाने बाटो बन्द हुन्थ्यो । अहिलेसम्म पार्टी नै निर्माण गरिहाल्ने हाम्रो सोच छैन । हामीले इमान्दारीपूर्वक जसरी एमालेको चुनावचिन्हमार्फत् निर्वाचनमा भाग लियौं, त्यही तरिकाले हामी चाहन्छौं कि सकारात्मकरूपमा कुरा अगाडि बढोस् । हामीले उठाएका समस्याहरू समाधान होस् । किनभने हामीले नेकपामा प्रवेश गरेर मात्रै हुँदैन, हाम्रा मुद्दाहरू पनि सम्बोधन हुनुपर्छ । हामीले भनेका छौं कि आखिर किन एमाले मधेशमा वर्चस्व बनाउन सकेन, त्यस्ता नीति र व्यवहारमा सुधार गर्नुपर्छ ।

**० तर, तपाइँहरूको कुरालाई नेकपाले सम्बोधन गरिरहेको छैन नि ?**

– निश्चितरूपमा अहिलेसम्म नेकपाका नेताहरूको व्यवहारमा देखिएको छैन । उनीहरू भन्छन् कि दुई वटा ठूला कम्युनिष्ट पार्टीको एकता भएको छ, यी दुई पार्टीकै अहिलेसम्म समायोजनले पूर्णता पाएको छैन । उनीहरूको आफ्नै केही समस्याहरू छन् । ती समस्याहरू समाधान भएपछि नेकपाले हामीसँग वार्ता गरी निष्कर्ष निकालिन्छ ।

**० भनेपछि, नेकपाको समायोजन प्रक्रिया नटुंगिएकोले तपाइँहरू अहिले पर्ख र हेरको अवस्थामा हुनुहुन्छ ?**

– निश्चितरूपमा, अहिले हामी पर्ख र हेरको अवस्थामा नै छौं ।

**० त्यसो भए अहिलेको अवस्थामा स्वतन्त्र राजनीतिक समूहलाई अभियानकै रूपमा अगाडि बढाउनु हुन्छ कि ?**

– यसलाई अभियान त के भन्ने, हामी कुनै नयाँ व्यक्ति होइनौं । हामी सुरूदेखि नै राजनीति गर्दै आएका छौं । मेचीदेखि महाकालीसम्मकै साथीहरू हाम्रो सम्पर्कमा छन् । उनीहरू यदि हामीसँग जुड्न चाहन्छन् भने हामी स्वागत गर्छौं । किनभने हाम्रो कुनै पार्टी छैन, विधान छैन । हाम्रो राजनीतिक चरित्रबाट सबै साथीहरू अवगत छन् ।

**० तपाइँहरू जनताको बीचमा जाँदा के लिएर जानुहुन्छ ? तपाइँहरूसँग न त पार्टी छ, न त कुनै चुनाव चिन्ह नै ।**

– हामी जनताको बीचमा त गएकै छैनौं । हामी जनताको बीचमा गएर हाम्रो पार्टीमा आउनुस् भनेकै छैन नि । हामीसँग काम गरेका साथीहरूले आफै भन्दै आइरहेका छन्कि हामी पनि तपाइँको साथमा छौं । हामीले पार्टी बनाउने अहिलेसम्म निर्णय गरिसकेका छैनौं ।

**० यदि नेकपामा जाने वातावरण बनेन भने अन्य कुनै दलमा जानुहुन्छ ?**

– यदि त्यस्तै अवस्था आयो भने हामी राजनीतिज्ञ व्यक्ति हौं, हामीलाई राजनीति नै गर्नुछ भने अन्य दलहरूसँग पनि कुरा हुनसक्छ । तर, त्यस्तो अवस्था नआउँला । अहिले पनि हामी वार्तामै छौं । जबसम्म एउटा निष्कर्षमा पुगिँदैन तबसम्म कुनै कुरा भनिहाल्नुपर्ने अवस्था छैन । हाम्रो पहिलो प्राथमिकता नेकपा नै हो । किनभने हामीले तात्कालीन एमाले कै चुनावचिन्ह लिएर निर्वाचनमा भाग लिएका हौं ।

**० तपाइँहरूको पूर्वपार्टी राजपा नेपालमै फर्कने सम्भावना छैन ?**

– राजनीतिमा केही पनि असम्भव हुँदैन । किनभने एमालेको चुनावचिन्हबाट हामी चुनाव लड्छौं भन्ने सोचेको पनि थिएनौं । जब संविधान निर्माण गरिरहेका थियौं त्यो बेलाको परिस्थिति बेग्लै थियो । तर, जब समय परिस्थितिले हामीले एमालेको चुनावचिन्हबाट नै चुनाव लड्यौं । त्यसैले, राजनीतिमा हरेक सम्भावनाहरू खुल्ला हुन्छन् । तर, अहिले हामीले विकल्प खोजेका छैनौं । यदि नेकपाले अन्तिम समयसम्म पनि ढोका खोल्दैन भने अर्को ढोका ढकढकाउनु पर्‍यो वा आफ्नै घर बनाउनुपर्ने विकल्प हामीसँग रहन्छ ।

**० तपाइँहरूको मुद्दामा नेकपा कति सकारात्मक रहेको पाउनु भएको छ ?**

– चुनावका बेला हामीले एमालेको चुनावचिन्ह लिएर चुनाव लड्ने र मुलुकमा रहेका विकृति, विसंगतिका विरूद्ध लड्ने भन्ने सहमति गरेका थियौं । त्यसपछि हाम्रो समूहको बैठकबाट केही मुद्दाहरू सार्वजनिक गरेका थियौं र त्यो पनि जनताकै एजेन्डा हो । किसानका समस्याहरू हामीले उजागर गरेका छौं । नागरिकता समस्या, भ्रष्टाचार नियन्त्रण गर्ने कुराहरू सार्वजनिक गरेका छौं । यी कुराहरू सरकारले गर्नुपर्ने हो ।

**० दुई तिहाइको सरकारले जनताको मन जित्न सकेको छैन । के कारण देख्नुहुन्छ ?**

– एकैचोटि कुनै पनि सरकारले हरेक कुरा पूरा गर्न सक्दैन । जनताका अपेक्षाहरू पूरा गर्न योजनातहत गर्नुपर्छ । जनतालाई प्रत्यक्षरूपमा लाभ हुने खालका कुराहरू सरकारले गर्नुपर्ने थियो तर त्यस हिसावमा गर्न नसकेको अवस्था छ । राष्ट्रहितमा धेरै योजनाहरूमा सहमति भएको छ तर जनताले प्रत्यक्षरूपमा महसुस गर्न नसकेकै हो ।

**० तर, किन गर्न सकेन त ?**

– सरकारले किन गर्न सकेन भन्ने कुरा हामीलाई थाहा छैन । किनभने हामी सरकारमा छैनौं । नेपालका ८० प्रतिशत जनजीविका कृषिमा आधारित छ । तर, मलखाद्य पनि यो सरकारले सहजरूपमा उपलब्ध गराउन सकेको छैन । सिस्टमले राम्ररी काम नगरेकोले सरकारको कामबाट जनता सन्तुष्ट छैन । जनताले धेरै ठूलो कुराको आशा छैनन्, सानातिना कुराहरू चाहेका छन् । अहिले तीनै तहको सरकारले कर लगाएको छ । यसलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । सरकारलाई काम गर्न संसदले कुनै अप्ठ्यारो पारेको छैन । हामीले बाहिरबाट हेर्दा सरकारको नीति र कार्यक्रम त छ तर अठोट छैन जस्तो लाग्छ । अहिलेका कर्मचारीतन्त्रले यो सरकारलाई सहयोग गरेन कि के हो त्यो हामीलाई थाहा भएन । जनताको काम गर्न सरकारले नीति कार्यक्रम बनाउने हो र त्यसलाई कार्यान्वयन गर्ने जिम्मा कर्मचारीतन्त्रको हुन्छ । त्यहाँ कर्मचारीले बदमासी गरेको हो कि जस्तो लाग्छ ।

# ओलीलाई आँट छ भने सरकारबाट निकालोस्

**प्रधानमन्त्रीले सक्नुहुन्छ भनेर निकाले भइहाल्यो नि । प्रधानमन्त्री ओलीजीलाई आँट भने निकालोस् । त्यसपछि हामी के गर्छौं त्यो हामी सोच्छौं । ओलीजीको घुर्कीले यो देश चल्दैन ।**



**रेणु यादव**
**उपाध्यक्ष, समाजवादी पार्टी**

**० समाजवादी पार्टीलाई सरकारबाट बाहिरिनुपर्ने कति दबाब छ त ?**

– सरकारबाट बाहिरिनुपर्ने भन्ने विषयमा अहिलेसम्म पार्टीमा छलफल भएको छैन । तर, हाम्रो मान्यता के हो भने विगतमा जुन मुद्दामा सरकारले हामीसँग सहमति गरेको थियो त्यसप्रति प्रधानमन्त्री, सरकार वा नेकपा नै गम्भीर देखिएको छैन । संविधानप्रति सबैको अपनत्व ग्रहण गराउने जुन दायित्व हुनुपर्ने थियो, सरकार त्यसमा उदासीन छ । यो बहुमतको सरकार हो । हामी सरकारमा रहँदा वा नरहँदा केही फरक पर्दैन । हामीले संविधान संशोधन गर्न दुई तिहाइ पुर्‍याउनका लागि मात्रै सरकारमा गएका हौं । यदि सरकारले संविधान संशोधन नै गर्दैन भने हामी बसिरहनुको केही औचित्य हुँदैन । यस विषयमा पार्टीभित्र छलफल भइरहेको छ ।

**० त्यसो भए सरकारबाट बाहिरिनुपर्ने मनोस्थितिमा समाजवादी पुगिसकेको छ ?**

– यस विषयमा अहिले कुनै निर्णय भइसकेको छैन । समतामूलक देश निर्माण गर्ने कुरामा समाजवादी पार्टी गम्भीर छ ।

**० तपाइँहरूले जुन सहमति गरेर सरकार जानुभएको थियो, त्यसप्रति त सरकार गम्भीर नदेखिएको तपाईंले नै भन्नुभयो । अझै पनि सरकारमा बसिरहनुको औचित्य छ र ?**

– हामीलाई जनताले दिएको जनमतप्रति हामी प्रतिबद्ध छौं । यो दायित्व हाम्रो मात्रै होइन, सबैको हो । संविधानभित्र सबैको अधिकार सुनिश्चित गराउनुपर्ने हाम्रो मान्यता हो । त्यसकारण, सरकारबाट बाहिरिनुभन्दा पनि सरकारलाई दबाब दिइरहनु पर्छ । हामीले जनतालाई अवगत गराउँछौं कि यो सरकार जनताप्रति गम्भीर छैन । जसरी यो सरकारलाई जनताले बहुमत दिएको छ, त्यसअनुसार के-के काम भएको छ । त्यो कुराहरू बोध गराउनका लागि हामी अब अगाडि बढ्नुपर्छ ।

**० तर, यो सरकारले त समाजवादीलाई खासै महत्व नै दिएको छैन नि ?**

– कहिलेकाहीं नकारात्मक भावले होइन, सकारात्मक भएर पनि हेर्नुपर्छ । यो सरकारमा समाजवादी पार्टीले सरकारी गाडी र झण्डा हल्लाउनका बसेको छैन । हामी यत्रो दिन सरकारमा बस्दा पनि मधेशप्रति सरकारको चाहना र चरित्र के छ भन्ने कुराको अवगत जनतालाई हुन थाल्यो । हामी सरकारमा हुँदा उपेन्द्र यादवलाई सरकारले महत्व दियो कि दिएन भन्ने कुरा महत्वपूर्ण होइन । अहिले पनि मधेशमा कम्युनिष्टहरू खेलिरहेका छन् । मधेशका सबै जनता समाजवादी वा राजपाकै पक्षमा त छैन । त्यो दृष्टिकोणले पनि हेर्नुपर्छ । मधेशीप्रति कम्युनिष्टको के धारणा छ, किन मधेशका अधिकारहरू दिन चाहिरहेका छैनन् भन्ने कुरा अब जनताले बुझिरहेका छन् । ओलीजीले समृद्ध राष्ट्र बनाउने जुन सपना देख्नुभएको छ त्यो मधेशबिना पूरा हुन सक्दैन । कम्युनिष्टहरूको मधेशप्रतिको दृष्टि अहिले पनि नकारात्मक छ भन्ने कुरालाई हामीले पनि जनताका बीच भनिरहेका छौं । संघीयता यिनीहरूको एजेन्डा होइन, त्यसलाई समाप्त गर्न खोजेका छन् ।

**० तपाइँहरू सरकारमै बसेर सरकारको विरोध गर्नु हुन्छ । त्यसबाट पनि तपाइँहरूसँग प्रधानमन्त्री रिसाउनुभएको छ भन्ने चर्चा छ नि ?**

– स्वाभाविकै हो नि । मधेशवादी पार्टीका कारण यो मुलुकमा संघीयता स्थापित भएको छ । मधेशवादी र माओवादीले गर्दा मुलुकमा आज गणतन्त्र स्थापना भएको छ । गणतन्त्र, संघीयता र समानुपातिक समावेशिता मधेश आन्दोलनको देन हो । संघीयता त एमाले र कांग्रेसको एजेन्डामै थिएन त्यसैले यिनीहरू अहिले पनि आत्मादेखि संघीयतालाई स्वीकार गर्न सकेका छैनन् । त्यसले गर्दा उनीहरूको मधेशप्रतिको दृष्टिकोण अझै पनि नकारात्मक छ । हामीले दुई तिहाई पुर्‍याएर पनि संविधान संशोधन गर्दैन भने जनताले यसको परिणाम भोली देखाउँछ । जनतालाई यसबारे प्रष्ट पार्नका लागि पनि हामी सरकारमा गएका छौं ।

**० तपाइँहरू सरकारको आलोचना गरिरहँदा सरकारबाट बाहिर हटाउने चेतावनी प्रधानमन्त्रीले दिएको भन्ने चर्चा पनि छ ?**

– नेकपाकै कतिपय नेताहरूले सरकारको कडा रूपमा आलोचना गरिरहेका छन् । लोकतन्त्रमा आलोचनालाई नकारात्मक रूपमा लिनु हुँदैन । नेकपाकै नेताहरू माधव नेपाल लगायतकाले यो सरकारको कार्यशैलीप्रति विरोध जनाइरहेका छन् । हामी सरकारमा हुँदा पनि यदि यो सरकारको गतिविधि गलत छ भने सही बाटोमा ल्याउन हाम्रो भूमिका रहन्छ । हामीले जनतासमक्ष सरकारलाई सतर्क गराउँछौं । त्यसकारणले हामी गलत क्रियाकलापको विरोध गरेका छौं । जहाँसम्म सरकारले हामीलाई निकाल्ने कुरा छ, प्रधानमन्त्रीले सक्नुहुन्छ भनेर निकाले भइहाले नि । प्रधानमन्त्री ओलीजीलाई आँट भने निकालोस् । त्यसपछि हामी के गर्छौं त्यो हामी सोच्छौं । ओलीजीको घुर्कीले यो देश चल्दैन ।

**० समाजवादी पार्टी यो सरकारको घटक दल हो, तर प्रदेश प्रमुखहरूको विषयमा जुन निर्णय भयो त्यसमा त तपाइँहरूलाई सोधिएन ?**

– यस विषयमा समाजवादीसँग सरकराले कुनै छलफल गरेको छैन । यो सरकारले यस विषयमा निरंकुशताको पराकाष्ठा नाघेको छ । यस विषयमा सत्ता दलसँग छलफल गर्नुपर्थ्यो । यो सरकारले त राजारजौटाभन्दा पनि निरंकुशरूपमा प्रस्तुत भयो ।

**० भनेपछि सरकारले गर्ने निर्णयहरूबारे सत्तारूढ समाजवादीसँग छलफल हुँदैन ?**

– यो सरकारले सत्तापक्ष मात्रै होइन, पक्ष र प्रतिपक्षसँग पनि सल्लाह गर्नुपर्छ । सदनभित्र पक्ष र प्रतिपक्षको पनि भूमिका हुन्छ । प्रतिपक्षबिना सदन चल्दैन । तर, यो सरकारले एकै पटक १०-१५ वटा विधेयक ल्याउने र बहुमतको अहंकारले पारित गर्दै गएको छ । यसमा प्रतिपक्षको भूमिका पनि प्रभावकारी देखिएन । बहुमतको दम्भले मुलुक नै हाम्रै मुठ्ठिमा छ भन्ने सोच देखिएको छ । यसको विरोधमा हामीले सदनमा गरिरहेका छौं । तर, हाम्रो कुरालाई यिनीहरूले सुनिरहेको छैन ।

**० समाजवादी पार्टी मधेशको प्रतिनिधित्व गर्दै सरकारमा गएको हो । सरकारले यस्ता निर्णय वा विधेयक ल्याउँदा तपाइँहरू त्यसको जिम्मेवारी लिने कि नलिने ?**

– हामीले यसको जिम्मेवारी लिनुपर्छ । विधेयकहरूमध्ये कतिपय राम्रा कुराहरू पनि आएका छन् । हामीले सरकारको राम्रो कामलाई समर्थन गरेका छौं । तर, नराम्रा कुराहरूको हामीले विरोध गरेका छौं । विधेयक ल्याउने वा निर्णयहरू गर्ने सरकारको शैली निरंकुशता जस्तै देखिएको छ ।

**० समाजवादी र राजपाबीच एकताको कुरा कहाँसम्म पुग्यो ?**

– हामी एकताको धेरै नजिक पुगिसकेका छौं । एकताको विकल्प छैन भनेर दुवै पार्टीले महसुस गरिसकेको छ । किनभने यो मुलुकलाई निकास दिनका लागि अब वैकल्पिक शक्ति चाहिन्छ । सबैले आआफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर एक ठाउँमा आउनुको विकल्प छैन । राजपामा ६ जनाको अध्यक्षमण्डल भएकाले केही कुरा मिलाउन बाँकी छ । समाजवादीमा पनि केही कुराहरू मिलाउँदैछौं । एकताको यो महाअभियान पूरा गर्नका लागि हामीले गृहकार्य गर्नैपर्छ । मंसिर पहिलो सातासम्म एकताका धेरै कुराहरूमा टुंगो लागिसक्छ ।

**० समाजवादी सरकारबाट बाहिरिनुपर्ने राजपाको शर्त छ नि ?**

– राजपाका शर्तहरू आफ्नो ठाउँमा छ । हाम्रो पार्टी एक भइसकेपछि पार्टीले यस विषयमा निर्णय गर्ने हो । एताबाट हट्नुस्, छतबाट कुद्नुस् त्यसपछि यो गर्छौं भन्ने हुँदैन । पार्टी एकीकरण गरिसकेपछि सबै मिलेर निर्णय गर्ने हो नि । पहिले त कुराहरू मिल्नुपर्‍यो । पहिले कुरा नमिल्ने तर यता बस, उता बस भन्ने कुरा हुँदैन । पार्टीको नीति, विचार, सिद्धान्त मिल्नुपर्छ । यी कुराहरू मिल्यो भने सरकारमा बस्ने/नबस्ने शर्तको औचित्य छैन ।

**० एकताको टुंगो लागिसकेपछि घोषणाभन्दा पहिले सरकारबाट बाहिरिने सम्भावना छ कि छैन ?**

– यस विषयमा छलफल भएको छैन । पार्टी एक भइसकेपछि सबै जना पार्टीभित्रै बसेर छलफल गर्छौं । त्यसपछि पार्टीले निर्णय गरेको कुरा सबैले मान्नुपर्छ ।

**० भनेपछि, एकतापछि मात्रै सरकारबारे निर्णय हुन्छ ?**

– हो । हाम्रो केन्द्रीय समितिको बैठक पनि बस्दैछ । त्यो बैठकमा पनि एकताका बारे धेरै कुरामा छलफल हुन्छ ।

**० भारत सरकारले सार्वजनिक गरेको नयाँ नक्सामा नेपालका केही भूभाग उता परेको भन्ने कुराहरू आइरहेको छ, यसमा समाजवादीको धारणा के छ ?**

– नेपालको परराष्ट्र नीति नै खुकुलो छ । यस विषयमा परराष्ट्रमन्त्रीले आफ्नो भूभागबारे व्यापक छलफल गर्नुपर्ने थियो । नेपालको सिमाना कहाँसम्म छ र कहाँ कति मिचिएको छ । भारतको नक्सामा यदि नेपाली भूभाग परेको छ भने सरकारस्तरबाट नै छलफल हुनुपर्छ । किनभने नेपालको भूभाग कुनै पनि छिमेकी मुलुकले लिनु हुँदैन ।

**० भनेपछि सरकार नै अहिलेसम्म स्पष्ट छैन ?**

– छैन । आफ्नो सिमानाबारे कुनै किसिमको गृहकार्य देखिएको छैन । आफ्नो मुलुकप्रतिको गम्भीरता देखिएको छैन । यस्तो गम्भीर विषयहरूमा जसरी दुवै मुलुकका उच्चस्तरीयरूपमा बैठक गरी टुंगो लगाउनुपर्ने थियो । त्यसपछि सरकारको चासो छैन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कसले कति मिचे नेपाली भूभाग ?

## भारतसँग २३ जिल्लामा सीमा समस्या

सुरेन्द्र काफ्ले, काठमाडौं । कालापानी र लिपुलेकसहित नेपाल-भारत सीमाका ७१ स्थानमा विवाद छ। भारतसँग जोडिएका २६ मध्ये २३ जिल्लामा सीमा समस्या छ। डँडेल्धुरा, बैतडी र धनुषामा मात्र सीमा अतिक्रमणका घटना देखिएका छैनन् । दार्चुलादेखि ताप्लेजुङसम्म गरी भारतले ६० हजार ६ सय २७ हेक्टर मिचेको छ । सीमाविद् बुद्धिनारायण श्रेष्ठको पुस्तक 'सीमा संग्राम' का अनुसार नेपाल र भारतबीच १ हजार ८ सय ५० किलोमिटर सीमा जोडिएको छ। त्यसमध्ये ६ सय ६ किलोमिटर विवादित छ ।

नापी विभागका पूर्वमहानिर्देशक पुण्यप्रसाद ओलीका अनुसार सन् १८५६ पछि भारतले सीमा मिच्न थालेको हो। सुगौली सन्धिअनुसार काली नदी सीमा हो । भारतले ३० किलोमिटरपूर्व कृत्रिम नदी बनाई त्यसलाई 'काली' भन्न थाल्यो। खास कालीलाई कुटियन्ती नामकरण गर्‍यो ।

त्यसबाट नेपालको सामरिक क्षेत्र कालापानी, लिपुलेक र लिम्पियाधुरा उता परेको देखाइयो। कालापानी र लिपुलेकको स्वामित्व नेपालले दाबी गर्दै आए पनि लिम्पियाधुरालाई चुपचाप त्यागिदिएको थियो । भारतले पनि ती भूभागलाई आफ्नो नक्सामा राख्दै आएको छ । भारतले कुटियन्ती भन्दै आएको नदीलाई नयाँ नक्सामा काली लेखेको छ ।

कालापानी, लिपुलेकको ६२ वर्गकिलोमिटर क्षेत्रफल छ। ३१० वर्गकिलोमिटर लिम्पयाधुरा क्षेत्रको कब्जा गरेको छ । कालापानीपछि सुस्ता क्षेत्र बढी समस्याग्रस्त छ । भारतले त्यहाँको १४ हजारभन्दा बढी हेक्टर जमिन मिचेको छ ।

कञ्चनपुरको ब्रह्मदेवमण्डी-पूर्णागिरी, टनकपुर जलाशय क्षेत्र, टनकपुर ब्यारेज, बनबासा-गड्डाचौकी क्षेत्र, शारदा ब्यारेज, शुल्काफाँटा, परासन-खुड्काककडमा पनि सीमा विवाद छ । कैलालीको सतिविरानाला, बर्दियाका मनाउ, टपरा, खैरी, मुर्तिया, मानपुर-भीमापुर क्षेत्र भारतीय अतिक्रमणमा पर्दै आएका छन् । बाँकेका सन्तलिया, होलिया, नरैनापुर, लक्ष्मणपुर बाँध विवाद सुल्झिएको छैन । दाङको कोइलाबास, कपिलवस्तुका कृष्णनगर, ठण्डा नदी किनारमा सीमा समस्या छ । यस्तै दानव नदी (रसियावाल खुर्दलोटन बाँध), सुनौली नाका, सुस्ता नर्साही, वाल्मीकि आश्रम, दारानाला-दारीचुरे सिमा क्षेत्र विवादमा छन् । पर्साका ठोरी, सिमरिया, लक्ष्मीपुर-पिपरा, वीरगन्ज-सिर्सिया गौर-जमुना गाउँ सीमा क्षेत्र भारतले अतिक्रमण गरेको छ।

### भारतसँगको सीमा समस्या



त्रिभुवननगर, संग्रामपुर-हथिऔल, माडर-चन्द्रगन्ज, ठाँडी, सुर्वापट्टीमा विवाद छ। सप्तरीका तिलाठी, सखडा-छिन्नमस्ता, कुनौली र भारदहमा अतिक्रमण भएको छ । विष्णुपुर-शिवनगर, लालपट्टी-गोविन्दपुर, तिलजा, मोहनिया, सरवाह, गोवरगाढामा पनि सीमा समस्या छ । सुनसरीका कटैया-भण्टाबारी, हरिनगरिया-शिवगन्ज साहेबगन्ज, पकरिया-झुमवा, भीमनगर मौजामा समस्या छ ।

त्यस्तै मोरङका बुद्धनगर-जोगबनी, रंगेली-चोप्राहा, रानी, बक्राहा (लुना) नदी-चुनिमाडीमा विवाद छ । झापाका पाठामारी, मेचीगाउँ, महेशपुर, मेचीपुल, भद्रपुर-गलगलिया, काँकरभिट्टा, बारिसजोत, मदनजोत, नकलबन्दा, बाहुनडाँगी तथा इलामका चित्रेडाँडा, पशुपतिनगर, झिझिया भन्ज्याङ, मानेभन्ज्याङबाट सन्दकपुर जाने बाटो, मानेभन्ज्याङ, सन्दकपुर, जौबारी डाँडा अतिक्रमणमा परेका छन् । कालपाखरी, च्याङथापु, फालेलुङ, ताप्लेजुङ सीमा क्षेत्रका डाँडो चिवाभन्ज्याङ, टिम्बापोखरी, मेगना तुम्लीङ सीमामा विवाद छ । भारतले दसगजा अतिक्रमण, सीमा स्तम्भ गायब पार्ने काम समेत गर्दै आएको छ ।

सीमासम्बन्धी अध्येता रतन भण्डारीले नदीनाला भएको क्षेत्र बढी विवादमा रहेको बताए। उनका अनुसार नदीको प्राकृतिक बहाव परिवर्तनसँगै सीमामा विवाद उत्पन्न हुँदै आएका छन् ।

**सुस्ता र कालापानी विवाद राजाको पालाबाटै**

नापी विभागका पूर्वमहानिर्देशक ओलीले तत्कालीन राजा वीरेन्द्रको निर्देशनमा सुस्ता र कालापानीको सीमांकन रोकिएको बताए । 'सुस्तामा हाम्रो र भारतीय पक्षको कचकच भयो,' उनले भने, 'अनि राजाले नै जहाँ पिलर छ, त्यहाँ मात्रै कन्सन्ट्रेसन हुनू भन्ने निर्देशन दिनुभयो । हामीले सुस्ता र कालापानीमा काम रोक्यौं ।'

सन् १९८१ मा नेपाल-भारत सयुक्त सीमा कमिटी बन्यो। कमिटीले देशभरकै सीमा व्यवस्थित गर्न थाल्यो। जब सुस्तामा पुग्यो विवाद आयो । त्यसपछि तत्कालीन राजाको हस्तक्षेपमा विवादित क्षेत्रको कामै भएन । सन् २०१४ मा आएर बाउन्ड्री वर्किङ ग्रुप (बीडब्ल्यूजी) गठन गरेर सीमांकन भइरहेको छ । ओलीका अनुसार त्यसपछि दसगजा कायम गर्न र भत्के-बिग्रेका पिलर बनाउन टोली केन्द्रित भयो । कालापानी र सुस्ताका विषयमा दुवै देशका सचिवस्तरबाट समाधान गर्ने सहमति भएको पनि कार्यान्वयन नभएको उनले बताए । –अन्नपूर्णपोष्टबाट साभार

## चीनले ११ ठाउँमा सीमा मिच्यो

काठमाडौं । लिपुलेक र कालापानी दक्षिणी छिमेकी राष्ट्र भारतले आफ्नो नयाँ नक्साभित्र राखेको भनेर विरोध भइरहेका बेला उत्तरी छिमेकी चीनले पनि नेपालको उत्तरी सिमानामा ११ ठाउँमा सीमा मिचेको रहस्य सार्वजनिक भएको छ । चीनले नेपालका विभिन्न ४ जिल्लाकाका सीमाना मिचेको हो ।

चीनले हुम्ला, रसुवा, सिन्धुपाल्चोक, संखुवासभाका विभिन्न स्थानहरूमा सीमा मिचेको कृषि मन्त्रालयको नापी शाखाले जनाएको छ । चीनले हुम्लाको भाँगदारे खोलामा ६ हेक्टर, कर्णालमा चार हेक्टर, रसुवाको सन्जेन खोलामा दुई हेक्टर, भुर्जुग खोलामा एक हेक्टर, लेम्दे खोलामा एक हेक्टर, जबमु खोला ३ हेक्टर, सिन्धुपाल्चोकको खराने खोलामा सात हेक्टर, भोटेकोशीमा चार हेक्टर, समजुंग खोलामा ३ हेक्टर, काम खोलामा २ हेक्टर र संखुवासभाको अरूण नदीमा ४ हेक्टर जमीन कब्जा गरेको मन्त्रालयले जारी गरेको विवरणमा उल्लेख छ ।

चीनसँग जोडिएको उत्तरी नेपालमा पूर्वदेखि पश्चिमसम्म ४३ भन्ज्याङ-नाकाहरू रहेका छन् । ती भन्ज्याङहरूले नेपाल-चीन सीमा नाकाको काम गरेका छन् । तिब्बत स्वासित चीन क्षेत्रमा सडक सुविधा विस्तार हुँदै गएको सडकको सञ्जाल फिजिँदै आएकोले त्यहाँका नदी, खोला पनि नेपाल सीमाभित्र पस्दै आएकोले नेपालको भू-भाग तिब्बततर्फ गइरहेको कृषि मन्त्रालयको नापी शाखाले जनाएको छ । –नेपालआजबाट साभार

### चीनले मिचेको नेपाली भूमि

| संख्या | तिब्बतको काउन्टी | नेपालका जिल्ला | नदीको नाम | गुमाएको नेपाली भू-भाग |
|---|---|---|---|---|
| १. | फुराङ | हुम्ला | भाँगदारे खोला | ६ हेक्टर |
| २. | फुराङ | हुम्ला | कर्णाली | ४ हेक्टर |
| ३. | केरूङ | रसुवा | सन्जेन खोला | २ हेक्टर |
| ४. | केरूङ | रसुवा | भुर्जुग खोला | १ हेक्टर |
| ५. | केरूङ | रसुवा | लेम्दे खोला | ० |
| ६. | केरूङ | रसुवा | जम्बु खोला | ३ हेक्टर |
| ७. | न्यालम | सिन्धुपाल्चोक | खराने खोला | ७ हेक्टर |
| ८. | न्यालम | सिन्धुपाल्चोक | भोटेकोशी | ४ हेक्टर |
| ९. | टिङ्गकेइ | संखुवासभा | सुमजुंग खोला | ३ हेक्टर |
| १०. | टिङ्गकेइ | संखुवासभा | काम खोला | २ हेक्टर |
| ११. | टिङ्गकेइ | संखुवासभा | अरुण नदी | ४ हेक्टर |

## मधेश अपडेट

### वीरगन्जमा चलचित्र महोत्सव सुरू

वीरगञ्ज । चलचित्र निर्माता संघको आयोजनामा वीरगन्जमा आजदेखि चलचित्र महोत्सव सुरू भएको छ । 'स्वर्णिम चलचित्र महोत्सव' नाम दिईएको सो महोत्सवको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेकी छन् । महोत्सव उद्घाटनअघि चलचित्र कलाकारहरू प्रभातफेरिमा सहभागी भएका थिए । घण्टाघरबाट सुरू भएको प्रभात फेरि रंगशालासम्म पुगेको थियो । चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनको लागि महोत्सव आयोजना गरिएको निर्माता संघले जनाएको छ । महोत्सवमा सहभागी हुन बलिउड अभिनेता गोविन्दा पनि नेपाल आएका छन् । नेपालका पनि पूरानो पुस्तादेखि नयाँ पुस्तासम्मका कलाकारहरू वीरगन्ज पुगेका छन् ।

### पप्पुले समयअगावै बनायो सडक

बारा । यस पटकको पञ्चवर्षीय गढिमाई मेलामा सहभागी भक्तजनहरूले धुले सडकको सामना गर्नु नपर्ने भएको छ । हुलाकी राजमार्ग आयोजनाअन्तर्गत बारामा सडक स्तरोन्नतिले गति लिएपछि मेला अगावै सडक निर्माण सम्पन्न हुने भएको हो । वीरगञ्जको प्रतिमाचोकदेखि बाराको बरियारपुरसम्म करीब २० किलोमीटर सडकअन्तर्गत स्थानीयले अरोध पुर्‍याएको कलैयाका एकाध स्थानबाहेक अधिकांश खण्डमा कालोपत्रे सम्पन्न भइसकेको छ । हुलाकीको सो खण्डअन्तर्गत ८० प्रतिशत काम पूरा भइसकेको हुलाकी सडक परियोजना कार्यालय वीरगञ्जले जनाएको छ । आयोजनाले आयोजनाले सन् २०१७ जनवरीमा सो खण्डको ठेक्का लगाएको थियो । ३० महीनाभित्र काम पूरा गर्ने गरी स्वच्छन्द, समा र पप्पु कन्स्ट्रक्सनले संयुक्तरूपमा ८५ करोड रूपैयाँमा ठेक्का लिएका छन् ।

### प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न

रूपन्देही । गृहमन्त्री रामबहादुर थापा 'बादल' को प्रमुख आतिथ्यमा मंगलबार आयोजित कार्यक्रमवीच ५ नम्बर प्रदेश स्तरीय दुई दिवसीय सुरक्षा गोष्ठी रूपन्देहीको बुटवलमा मंगलबार सम्पन्न भएको छ । नेपाल सरकार गृह मन्त्रालय र ५ नम्बर प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा उक्त गोष्ठी सोमबारदेखि सुरू भएको हो । उक्त अवसरमा गृहमन्त्री थापाले गोष्ठीमा प्रदेशको मात्र नभइ देशकै सुरक्षा स्थितिका बारेमा गम्भीर रूपमा समीक्षा भएको उल्लेख गर्दै सुरक्षा सुदृढ गर्नका लागि आवश्यक रणनीति र योजनाहरूलाई परिमार्जन गर्न प्राप्त सुझावहरू महत्वपूर्ण रहेको बताए । प्रदेशको सुरक्षा सुदृढ गर्न तथा समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई प्राप्त गर्न गोष्ठीले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दै गृहमन्त्री थापाले रचनात्मक सुझावलाई मन्त्रालयकोतर्फबाट पुरा गर्न गम्भीर रूपमा लिएको उल्लेख गरे । मुलुकमा राजनीतिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक र सीमा सुरक्षा सम्बन्धि चुनौती रहेको चर्चा गर्दै गृहमन्त्री थापाले यस्ता चुनौतीलाई सरकारले सफलतापुर्वक सामना गर्दै आएको र आगामी दिनमा सुरक्षा नीतिलाई अझ विकास गर्दै मुलुकको शान्ति र स्थिरता सुदृढ बनाउन थप योगदान दिन लाग्नुपर्ने बताए । तस्करी, कालो बजारी, ठगी, राजस्व छलीलाई नियन्त्रण गर्न विशेष संयन्त्र बनाई गम्भीर रूपमा काम गरी अझै गुणात्मक बनाउनु पर्नेमा उहाँले जोड दिए । अबका दिनमा सबै मिलेर मुलुकलाई समृद्ध बनाउनेतिर सक्रियताकासाथ लाग्न र समाजमा शान्ति सुरक्षा कायम गर्न गोष्ठीका निष्कर्ष फलदायी हुने विचार उनले व्यक्त गरे ।

### सत्यतथ्य छानबिन गर्न माग

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाको घटनाको विषयमा ध्यानाकर्षण गराउन पूर्वकृषिमन्त्री एवम् व्यवस्थापिका संसद सदस्य अकबाल अहमद शाहले गृहमन्त्री राम बहादुर थापा (बादल) र गृह सचिव प्रेम राईलाई भेटेर ज्ञापनपत्र बुझाएका छन् । मुस्लिम नेता तथा वुद्धिजिवीहरूको साथमा गृहमन्त्री राम वहादुर थापा वादललाई भेट गरी निष्पक्ष छानविन गरी दोषीमाथि कडाभन्दा कडा कारवाहीका लागि ध्यानाकर्षण गराइएको शाहले जानकारी दिए । राष्ट्रिय जनता पार्टी नेपालका नेता अकबाल शाहले कृष्णनगर घटनाले धार्मिक तथा साम्प्रादायिक सदभावमा खलल् पुर्याउने कार्य भएको भन्दै यस विषयमा गम्भीर बन्न समेत आग्रह गरेका छन् । कृष्णनगर घटनामा घाइते भएकाहरूको यथाशीघ्र स्वास्थ्य उपचारको व्यवस्था गर्दै घटनामा दोषी सोनु अग्रवाल (मोदनवाल ) लाई ठहर गर्दै कानुनी दायरामा ल्याउन जोड दिएको छ ।

### गरूडाले गर्न सकेन परिषद्

रौतहट । रौतहटको जिल्लाको मध्य भागमा रहेको गरूडा नगरपालिकाले असारमा परिषद् थालेको भएपनि अहिलेसम्म परिषद् सम्पन्न नगरेका कारण विकास निर्माणको काम प्रभावित भएको छ । नगरपालिकाले अहिलेसम्म वडाबाट सिलिङ समेत माग नगरेको र नगरप्रमुखको मनोमानी बढ्दै गएको भन्दै मेयर बाहेकका दलले चर्को बिरोध जनाएका छन् । गरूडा नगरपालिकामा असार यता कर्मचारीलाई तलव खुवाउने बाहेकको काम नभएको एकजना कार्यपालिका सदस्यले बताए । नगरपालिकामा मेयरका छोरा हाबी भएका कारण गएका बर्षहरूमा समेत काम प्रभावकारी हुन नसकेको गुनासो बढ्दै जान थालेको छ । कागजमा मात्र विकासको काम हुने गरूडा नगरपालिकामा मेयरका विरूद्ध अन्य दलले तालाबन्दी गर्ने तयारी गरेको सामचार स्रोतले बताएको छ । कर्मचारी माथि समेत मेयर हाबी भएका कारण काम हुन नसकेको कार्यपालिका सदस्यहरूको भनाइ रहेको छ । गरूडा नगरपालिकाबाट गत आर्थिक बर्षमा भएको कामको भुक्तानी अहिलेसम्म उपभोक्ता समितिले पाउन नसकेको उपभोक्ता समितिका सदस्यहरूको भनाइ रहेको छ ।




# मैथिली साहित्यकार सभाद्वारा मधेशी आयोगलाई ज्ञापन

माननीय अध्यक्ष ज्यू ,
मधेशी आयोग,
ज्वागल , ललितपुर ।
विषय : ज्ञापनपत्र

नेपाल बहुजातीय , बहुभाषिक र बहुसांस्कृतिक देश रहेको नेपालको संविधानले स्वीकार गरेको विदितै छ । नेपालको दक्षिणी भूभाग मधेश पनि बहुजातीय , बहुभाषिक र बहुसांस्कृतिक स्वरूपले परिपूर्ण छ । मैथिली , भोजपुरी र अवधी संस्कृति यहाँका मुख्य मुख्य ऐतिहासिक महत्वका संस्कृतिहरू छन् । मधेशका बहुसंख्यक जनताको मैथिली संस्कृति सबैभन्दा प्राचीन , समृद्ध र संगीतमय संस्कृति हो । मैथिली भाषाको आफनो लिपि र साहित्यको भण्डार छ । नेपालमा लगभग ३१ लाख नागरिक मैथिली भाषा बोल्छन् । सातवटै प्रदेशमा मैथिली भाषाभाषी बसोवास गरेका छन् । २०६८ सालको जनगणनाअनुसार नेपालमा ११.६७% मैथिलीभाषी रहेका छन् । नेपालीपछि देशमा सर्वाधिक बोलिने मातृभाषा मैथिली हो । पौराणिक दृष्टिले मैथिली त्रेता युगदेखि प्रयोग हुँदै आएको नेपालका विभूति राजर्षि जनक र सीताको भाषा हो । मैथिली भाषाको हजारौं वर्षको गौरवशाली इतिहास रहेको छ ।

प्रामाणिक आधारमा आठौं शताब्दीका सिद्ध कवि सरहपादको 'बौद्धगान आ दोहा' मैथिलीमा लेखिएको छ जसको पाण्डुलिपि नेपालकै राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको छ । नेपालको बारा जिल्ला स्थित तात्कालीन सिम्रौनगढ राज्यका राजकवि ज्योतिरिश्वर ठाकुरद्वारा रचित तीन मैथिली कृतिमध्ये प्रख्यात कृति 'वर्ण रत्नाकर' आर्य भाषाको पहिलो ग्रन्थ मानिएको छ । तेह्रौं शताब्दीमा उदित भएका मैथिली महाकवि विद्यापतिका अमूल्य कृतिहरूमध्ये 'पदावली' मिथिलाको साथै नेपाल, असाम, बंगालसम्म लोकप्रिय भएका थिए । आज पनि विद्यापतिका गीतहरू मिथिलाञ्चलका घरघरमा गुंजायमान छन् ।

सिम्रौनगढका राजा हरिसिंह देवको काठमाडौं उपत्यकामा राज्य स्थापनापश्चात मैथिली नेपालको राजभाषा बनेको थियो । जगज्योतिर्मल, प्रताप मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतीन्द्र मल्ल, सिद्धिनर सिंह मल्ल, श्रीनिवास मल्लजस्ता मल्ल राजाहरूले मैथिली भाषा ,साहित्य र संस्कृतिको संरक्षण–संवर्द्धनमा प्रशस्त योगदान गरेका छन्; मैथिली भाषामा नाटक, गीत, अन्य साहित्य रचना गरेका छन् । समय–समयमा भक्तपुरका मण्डलाहरूमा मल्ल राजाकृत नाटकहरूको मञ्चन र गीतहरूको प्रस्तुती हुँदै आएको छ । मल्ल काललाई मैथिली भाषाको स्वर्णकाल मानिएको छ ।

आधुनिक कालमा चन्दा झा, लाल दास, वैद्यनाथ मिश्र 'यात्री', प्रा. हरिमोहन झा, राजकमल चौधरी, लीलीरे, डा. शेफालिका वर्मा, पं. सुन्दर झा शास्त्री, डा.धीरेन्द्र, डा. राजेन्द्र विमल, रामभरोस कापडि 'भ्रमर', डा. रेवतीरमण लाल, भुवनेश्वर पाथेय, अयोध्यानाथ चौधरी, डा.हरिकान्त लाल दास, रा.ना.सुधाकर, डा. रामदयाल राकेशजस्ता विख्यात मैथिली साहित्यकारहरूले विभिन्न विधामा मैथिली कृतिहरू सृजना गरेका छन् । विश्वप्रसिद्ध भाषा वैज्ञानिक जर्ज अब्राहम ग्रियर्सन, भारतीय भाषा वैज्ञानिक पं. गोविन्द झा तथा नेपालका भाषा वैज्ञानिक डा.रामावतार यादव, डा.योगेन्द्र प्रसाद यादव र डा.सुनिल कुमार झाले मैथिली भाषामा गहन अध्ययन अनुसन्धान गरेका छन् । नयाँ पुस्ताका मैथिली कवि–साहित्यकारहरूसमेत मैथिली भाषा–साहित्यको अध्ययन र साहित्य रचनामा संलग्न रहेका छन् ।

मैथिली भाषामा लोकगाथा, लोकनाच र लोक संगीत मिथिलाभरि गाइन्छ, सुनिन्छ र देखिन्छ । मैथिली भाषामा आधुनिक गीत, नाटक र फिल्मको निर्माण तथा प्रदर्शनसमेत गरिन्छ । सप्तरी, सिरहा, धनुषा, महोत्तरी जिल्लामा प्राथमिक तहमा अधिकतम विद्यालयमा ऐच्छिक मैथिली विषयको पढाइ–लेखाइ भैराखेको छ । कक्षा ९ देखि स्नातकोत्तरसम्म मैथिली विषयको अध्ययन–अध्यापन हुँदै आएको छ । मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण–संवर्द्धनको निम्ति धेरै संघ–संस्थाहरू सक्रिय रहेका छन् । मैथिलीमा दैनिक, साप्ताहिक र मासिक पत्रपत्रिकाहरूको प्रकाशन हुँदै आएको छ । दर्जनौं एफएम र टेलिभिजनबाट मैथिली भाषामा समाचार, अन्तरवार्ता तथा गीतहरू प्रसारण भैरहेका छन् ।

नेपालका शाहीकाल, राणाकाल र पंचायतीकालजस्ता क्रुर शासनकालमा मैथिली भाषा- संस्कृतिलाई दमन गरियो तर समाप्त पार्न सकिएन । मैथिली भाषाभाषीको आफ्नो भाषा, साहित्य र संस्कृतिप्रतिको समर्पणले मैथिली भाषा- संस्कृतिलाई आजसम्म जीवित र स्वाभिमानी बनाएर राखेको छ ।

आदरणीय अध्यक्ष महोदय, नेपालको संविधान २०७२ को धारा ६ मा नेपालका सबै मातृभाषालाई राष्ट्रभाषा घोषित गरिएको तथ्य विदितै छ । यो धारा मात्र संविधानको शोभा बढाउनका लागि लेखिएको होइन , मातृभाषाहरूको सम्मान, संरक्षण र प्रयोगको निम्ति लेखिएको हो । तसर्थ यस धाराको कार्यान्वयनको परम आवश्यकता रहेको छ । कार्यान्वयनको दायित्व भाषा आयोग,मधेशी आयोग र नेपाल सरकारको काँधमा रहेको छ । राष्ट्रभाषाको रूपमा मातृभाषाहरूको प्रयोग भएमा राष्ट्रियता सबल हुने हाम्रो दृढ विश्वास रहेको छ ।



यसैले ऐतिहासिक, समृद्ध र मधुर मातृभाषा तथा देशको दोस्रो राष्ट्रभाषा मैथिलीलाई संघ र प्रदेशको सरकारी कामकाजको भाषा, शिक्षाको माध्यम तथा विभिन्न आयोगहरूको परीक्षाको माध्यम बनाएमा मैथिली भाषाभाषीले प्रशासनिक कामकाज, शिक्षा तथा परीक्षाहरूमा सहजता र सफलता पाउने निश्चित छ । आफ्नो भाषाको प्रयोगले मैथिलीभाषी आफ्नोपनको अनुभूति, खुसी र सन्तुष्टी महसूस गर्ने छन् ।

तसर्थ मैथिली भाषाभाषीको भावना र संविधानको मर्मको कदर गर्दै मैथिली भाषालाई सरकारी कामकाजको भाषा घोषित गर्नु- गराउनुका साथै निम्न अनुसारका रोजगारी तथा भाषा- संस्कृतिसम्बन्धी हाम्रा सात सूत्रीय मागको सम्वोधन गरियोस् ।

**सात सूत्रीय मागहरू**

१. नेपालको संविधानको धारा ४२ को उपधारा (१) मा सुनिश्चित गरिएको समानुपातिक/समावेशी सहभागिताको सिद्धान्तलाई लत्याउँदै लोकसेवा आयोगद्वारा मिति २०७६/०२/१५ गते सूचना नं. ५३० अनुसार स्थानीय तहको लागि गरिएको असमानुपातिक विभेदपूर्ण विज्ञापन खारेज गरियोस् । त्यस बमोजिम लिइएको परीक्षा र नतीजा बदर गरियोस् ।

२. संविधानको धारा ३२ को उपधारा (३) बमोजिम मैथिलीसहितका भाषा , लिपि , साहित्य , कला , संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण -संवर्धन गरियोस् । प्रदेश एक र दुईमा प्रदेश प्रज्ञा प्रतिष्ठानको गठन गराइयोस् ।

३. नेपालको संविधानमा भाषासम्बन्धी अनुसूचीको व्यवस्था गरियोस् जसमा भाषाभाषीको संख्या, लिपि, इतिहास र साहित्यको आधारमा श्रेणी विभाजन गरी मैथिलीसहितका मातृभाषाहरूलाई सूचीकृत गरियोस् ।

४. संविधानको धारा ७ को उपधारा (२) लाई ध्यानमा राखी प्रदेश दुईमा सबैभन्दा बढी बोलिने मैथिली भाषालाई प्रदेश दुईको कामकाजी भाषा बनाइयोस् । प्रदेश नं. १ को दोश्रो भाषा मैथिलीलाई प्रदेश १ को कामकाजी भाषा बनाइयोस् ।

५. संविधानको धारा ६ तथा ३२ को (३) बमोजिम नेपाल प्रज्ञा प्रतिष्ठानमा मैथिली विभाग पनि संचालन गरियोस् ।

६.संविधानको धारा ३१ को उपधारा ५ को मर्मअनुसार मातृभाषा मैथिलीमा आधारभूत शिक्षाको व्यवस्था गराइयोस् । साथै शिक्षक सेवा आयोग र लोकसेवा आयोगसहित सबै आयोगमा मातृभाषा माध्यममा परीक्षा दिने व्यवस्था मिलाइयोस् ।

७. संविधानको धारा ३२ को उपधारा ३ तथा २८७ को उपधारा ६ (घ) अनुसार मैथिलीसहितका मातृभाषाहरूको संरक्षण र प्रमाणीकरणको लागि देशमा भाषा वैज्ञानिक अध्ययन, सर्वेक्षण र गणना गरियोस् ।

उपर्युक्त मागहरू पुरा भएन भने हामी मधेशका मैथिली संस्था तथा मैथिली भाषाभाषी समुदाय कडा संघर्ष गर्न बाध्य हुनेछौं भने तथ्य समेत अवगत गराउन चाहन्छौं ।

**बोधार्थ :**

१.प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार
२.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार
३.शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं
४.कानुन मन्त्रालय, सिंहदरबार, काठमाडौं
५.नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं
६.मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय , प्रदेश नं. –२, जनकपुरधाम
७. मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय , प्रदेश नं. -१, बिराटनगर
८. भाषा आयोग , शङ्खमूल , काठमाण्डौं

मिति: २०७६।०७।१६

# तिलाठी कोइलाडीको भ्रष्टाचार छानबिनको माग

संघियताको प्रारम्भिक अभ्यासका बखत यसको व्यस्थापकिय पक्ष मजबुत हुनु आवश्यक हुन्छ । तर साविकको स्थानीय निकायको नेतृत्व जस्तो वर्तमानको स्थानीय तहलाई नेतृत्व गर्ने कतिपय अध्यक्षको कारण केही स्थानीय तह वेथिति र भ्रष्टाचारको अखाडा बन्न पुगेको छ । यसैको एक उदाहरण बनेको छ( तिलाठी कोइलाडी गाउँपालिका ।

हामी निर्वाचित भएर आइसके पछि यस आर्थिक वर्षको लागि बन्ने बजेट तेस्रो हो । बजेट निर्माणमा उपाध्यक्षको भुमिका कानुनमा स्पष्ट व्यवस्था छ । तर पहिलो आर्थिक वर्षको बजेट बन्दा देखि नै उपाध्यक्षलाई किनारा लगाई बजेट बनाउँदा समान्नित अदालत सम्म पुग्नु परेको अवस्था सिर्जना भयो भने यस चालु आर्थिक वर्षको बजेट अहिले सम्म निर्माण नै नभइ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई असार भित्रै बजेट बनाएको भनी ढाँटेको र मन्त्रालयले पनि पारित बजेट समेत नहेरी बजेट निर्धारित समय भित्रै बनेकोभनि अभिलेखमा राखेको प्रति गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु । अध्यक्षको ठाडो आदेशमा स्वीकृत दरबन्दी वाहेक कयौं आफन्तहरूलाई भर्ना गरि करार र डोर हाजिरीमा तलव भत्ता खुवाउँदै आएको छ । दरवन्दीमा रहेका स्थायी इन्जिनियरले अनियमित तरिकाले योजनाहरूको मुल्याङ्कन गर्न नमानेकोले दरवन्दी विना नै एक जना आफन्तलाई करारमा इन्जिनियर राखि उसैबाट योजनाहरूको मूल्यांकन गराई मिलिमतोमा भ्रष्टाचार गर्ने गरेको छ । प्रदेश कानुनमा व्यवस्था नभए पनि अध्यक्षले आफन्तलाई स्वकीय सचिव नियुक्ति गरि सरकारी सम्पतिको दुरूपयोग गर्ने गरेको छ ।

यस वर्षको दशैं तिहार र छठ पर्वमा कर्मचारीहरूले पाउने ४ महिना देखिको तलव भता समेत पाउन सकेको छैन् । अध्यक्ष श्री सतिश कुमार सिंह र यस अघिका निमित प्रमुख प्रशासकिय अधिकृत श्री राजु कुमार झाको गैरजिम्मेवारीपूर्ण र कानुन विपरितको कार्यले यो अवस्था सिर्जना भएको छ । मन्त्रालयलाई चालु आर्थिक वर्षको लागि बनेको भनिएको बजेट तथा गाउँ सभा र कार्यपालिकाको निर्णयहरू अध्यक्षसंग रहेको व्योहोरा नि. प्र.प्र.अ. श्री राजु कुमार झा ले लिखित जानकारी गराएको छ , जुन कानुन विपरित छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(ज) मा गाउँ सभा र कार्यपालिकाको निर्णय सुरक्षित राख्ने काम प्र.प्र.अ. को हुने स्पष्ट व्यवस्था छ । र ऐनको दफा ७३(१) मा सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्छ भन्ने व्यवस्था छ र सो अख्तियारी समेत नदिएको पनि जानकारी गराएको छ । बजेट बनेको भनिए पनि सार्वजनिक गर्न नसकेको, अख्तियारी नदिएको, कानुन विपरित अध्यक्षले कागजातहरू आफ्नो जिम्मामा राखेकोले कार्यालय संचालन अवरूद्ध बनेको छ । स्रोत साधन भए पनि संचालनमा कठिनाइका कारण दैनिक सेवा प्रवाह समेत बन्द हुने अवस्थामा पुगेको छ । यस चालु आर्थिक वर्षको पहिलो चौमासिक बित्न लाग्दा समेत अध्यक्षले लेखाका कर्मचारीलाई डराई धम्काई खाता संचालन हुन दिएको छैन् । तसर्थ आफू अनुकुल, कानुन विपरित भए पनि कार्य गर्ने, मिलिमतोमा भ्रष्टाचार गर्ने प्रमुख प्रशासकिय अधिकृतसंग मात्र अध्यक्षले काम गर्न चाहन्छ । जसको परिणामस्वरूप २०७५ असारमा यस गाउँपालिकाका प्र.प्र.अ. श्री सरोज कुमार झा सहित करारका एक कर्मचारी समेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगको रंगेहात पक्राउ परि निलम्बनमा परेको छ । त्यसपछि ना. सु. राजु कुमार झा ले नि.प्र.प्र.अ. भई अध्यक्षको ठाडो निर्देशनमा निर्णय बिना नै करोडौ रकम खर्च गरेकोले म.ले.प. ले बेरूजु ठहर गरेको छ र अन्य निकायबाट छानविन समेत चलिरहेको छ । पटक पटक मन्त्रालयबाट खटाइएको प्र.प्र.अ.लाई विभिन्न कुरा लगाई आउनै नदिने वातावरण राखेको थियो । अहिले खटि आएको प्र.प्र.अ. राजीव कुमार झा लाई कार्यपालिकाको बैठकमा नबसाइ पहिलेको नि.प्र.प्र.अ. राजु कुमार झा लाई नै बैठकमा राखि अनियमित तरिकाले करोडौ भुक्तानी गर्ने निर्णय गरि भ्रष्टाचार गर्न खोजेको देखिन्छ । यसले सबै मिलिजुली कानुन विपरित भ्रष्टाचारलाई मलजल गर्न खोजेको स्पष्ट देखिन्छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीले वेथिति र भ्रष्टाचारको विषयमा कागजातहरू माँग गर्दा प्र.प्र.अ. श्री राजीव कुमार झा ले कार्यालयको सत्य तथ्य कागजातहरू पठाइ दिएकोले गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतको सरूवा गराउनमन्त्रालयमा चलखेल तीब्र पारेको छ । गाउँसभाबाट बजेटमा पारितै नगरि पाँच करोड एकसठी लाख का ६० वटा योजना अध्यक्ष र तत्कालिन अधिकृतको मिलिमतोमा कानुन विपरित संचालन गरि तीन करोड साठी लाख भुक्तानी गरि व्यापक भ्रष्टाचार गरेको फाइल अहिले अख्तियारको छानविनमा छ । करार र डोर हाजिरीको नाममा गरेको आफन्त भर्ना र अनियमितताको फाइल समेत अख्तियारको छानविनमा छ । यस्ता करोडौं भ्रष्टाचारको मुख बन्द गर्न अधिकृतको सरूवा गराउन लागेकोले हामी मन्त्रालय र अख्तियारको गम्भिर ध्यानाकर्षण गराउँदै एक छानविन समिति गठन गरि कारवाही गर्न समेत सम्बन्धित पक्षसंग जोडदार माँग गर्दछौं ।

अन्त्यमाकुनै पनि किसिमको दवाब वा प्रभावमा नपरि मन्त्रालयले आफैं खटाइ पठाएको हाल कार्यरत प्र.प्र.अ. श्री राजीव कुमार झा को गैरकानुनी सरूवा नगर्न अनुरोध गर्दै वेथिति र भ्रष्टाचारको अन्त्यका लागि मन्त्रालयवाट टोली पठाई छानविन गर्न समेत माँग गर्दछौं ।



## संक्षिप्त समाचार

### प्रदेश प्रमुखले सम्हाले कार्यभार

जनकपुरधाम । प्रदेश २ का नवनियुक्त प्रदेश प्रमुख तिलक परियारलाई जनकपुरधाममा मुख्यमन्त्रीलगायत मन्त्रीहरूले स्वागत गरेका छन् । बुधबार जनकपुर आइपुगेका प्रदेश प्रमुख परियारलाई जनकपुर विमानस्थलमा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले स्वागत गरेका छन् । प्रदेश २ का मुख्यसचिव दिपक सुवेदी, प्रदेश प्रहरी प्रमुख प्रद्युमन कार्की, प्रदेश २ का प्रदेश प्रदेशसभा सदस्यहरूले स्वागत गरेका थिए । प्रदेश प्रमुख परियारको स्वागतमा स्थानीय तहका जनप्रतिनिधि सहित नेकपाका कार्यकर्ताहरूको बाक्लो भिड लागेको थियो । मधेश भवन भित्र रहेको प्रदेश प्रमुखको कार्यालयमा उनले पदभार ग्रहण गरका हुन् ।

### अवरोध गर्नेलाई मन्त्रीको चेतावनी

नेपालगन्ज । उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनले सिंचाई आयोजना सिक्टा सरकारका लागि चुनौतीका रूपमा देखा परेको भन्दै बल प्रयोगको चेतावनी दिएका छन् । खासगरि स्थानीय तहले सहयोग नगर्दा ढुंगा गिट्टी बालुवामा समस्या भएको आयोजनाको गुनासो प्रति मन्त्री पुनले राष्ट्रिय गौरबको आयोजना भएकाले अवरोध नगर्न चेतावनी दिएका हुन् । मन्त्रालयको दलबल सहित मंगलबार बाँकेको अगैयामा रहेको सिक्टा सिंचाई आयोजनाको बाँध तथा नहरको निरिक्षण गरेपछि सिक्टा सफल बनाएरै छाड्ने प्रतिबद्धता जनाएका छन् । अघिल्ला भ्रमण भन्दा अलिक गम्भीर देखिएका मन्त्री पुनले सबैखाले समस्या प्रति एकएक गरेर धारणा राखे । भ्रमणदलमा सहभागी अधिकारीहरूलाई सिक्टा सिँचाइ आयोजना समयमा निर्माण सम्पन्न गर्न निर्देशन दिएका मन्त्री पुनले विभागका महानिर्देशक मधुकरराज भण्डारीलाई हरेक महिना फिल्डमा जान निर्देशन दिए । आयोजनामा देखिएका विभिन्न समस्या सुनेपछि मन्त्री पुन केही रूष्ट पनि देखिए । 'गौरवको आयोजना भएकाले आवश्यक परे बल प्रयोग गरेरै भएपनि अघि बढाउने सकिन्छ,' बजेटको पक्षमा कुनै समस्या रहेको प्रष्ट पार्दै मन्त्री पुनले आवश्यकता अनुसार नीतिगत सुधार गरेर पनि अगाडी बढ्न सकिने बताए ।

### महिला खेलाडी तयार गर्दै उपमहानगर

सुनसरी । इटहरी उपमहानगरले महिला फुटबल खेलाडी उत्पादनका लागि कार्यक्रम सुरू गरेको छ । उपप्रमुख लक्ष्मी गौतमका अनुसार महिला फुटबल खेलाडी तयार गर्नका लागि उपमहानगरले १ महिने निशुल्क छात्रा फुटबल प्रशिक्षण सुरू गर्न लागेको छ । मंसिर १ गतेदेखि सुरू हुने प्रशिक्षणका लागि इटहरीका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई दुई दुई जना छात्राको नाम खेलकुद शाखामा पठाउन माग गरिएको छ । सहभागी छात्राका लागि जर्सी र जुत्ताको उपमहानगरले ब्यवस्था गर्ने बताइएको छ । यसअघि इटहरी उपमहानगरले इटहरीमै पहिलो पटक अन्तरविद्यालय स्तरीय छात्रा फुटबल प्रतियोगिता गरिसकेको छ । छात्राहरूलाई प्रशिक्षण दिई फुटबल खेलप्रति आकर्षित गर्दै खेलाडी तयार गर्न इटहरी उपमहानगरले विभिन्न कार्यक्रम सञ्चालन गर्ने क्रममा छात्रा फुटबल प्रशिक्षण आयोजना गरिएको उपमेयर गौतमले बताइन् ।

### हुस्सुले तोरी खेती प्रभावित

कैलाली । कैलालीमा कार्तिकमै पुस माघमा जस्तो हुस्सु लाग्न थालेपछि चिसो बढेको छ । तिहारपछिदेखि लागेको बाक्लो हुस्सुले बाटो समेत नदेखिने भएको छ । हुस्सु र बिहानको चिसो हावाले जाडोयामको झल्को आएको महसुस हुन थालेको स्थानीयको भनाई छ । त्यसैगरी अहिलेदेखि नै हुस्सु लाग्दा भर्खर उम्रिएका तोरी खेती प्रभावित हुने भएकाले किसानहरू चिन्तित बनेका छन् ।

### लागूऔषधसहित दुई जना पक्राउ

कैलाली । जिल्ला प्रहरी कार्यालय कैलालीले धनगढीबाट लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । धनगढी उपमहानगरपालीका-२ स्थित त्रिनगर भन्सार गेट अगाडिबाट धनगढी उपमहानगरपालीका-५ का २५ वर्षीय संजय चौधरी र वडा नम्वर(१३ का २० वर्षीय अनिल रानालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कैलालीका निमित्त प्रवक्ता प्रहरी निरिक्षक प्रकाश कार्कीले जानकारी दिए । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले लागूऔषध बोकेर भारतबाट नेपाल तर्फ आउँदै गरेका चौधरीको साथमा ३ ग्राम ६ सय २० मिलिग्राम ब्राउन सुगर र कऊंधयअपजबचमष लेखेको निलो रंगको चार वटा ट्याबलेट र रानाको साथबाट १ ग्राम १ सय ४० मिलिग्राम ब्राउन सुगर बरामद भएको कार्कीले बताए ।

### चोरीपैठारीको मोर्टरपार्ट्स बरामद

रूपन्देही । रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका १ डण्डा ईलाकाट एपीएफ टोलीले करिव १ लाख ५२ हजार रूपैयाँ बराबरको चोरीपैठारीको मोर्टरपार्ट्स बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मूल्य बराबरको मोर्टर पार्ट्स सशस्त्र प्रहरी बल, नेपाल नम्वर ३८ गुल्म हेक्वा रूपन्देहीबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद मोर्टर पार्ट्स भैरहवा भन्सार कार्यालय रूपन्देहीमा बुझाईएको छ ।

### नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

वीरगञ्ज । पर्साको बिन्दबासिनी गाउँपालिका वडा नं ५ प्रसौनीभट्ठाको श्री मसरूम पब्लिक आधारभूत विद्यालयको प्रांगणमा अहमदिया संघ नेपालद्वारा होमियोप्याथी नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । सो शिविरमा पर्सा जिल्लाको विभिन्न गाउँहरू जस्तै मधवल, प्रसौनी, झौवा, इटियाही, जगतपुर, मन्नपुर लगायतका गाउँहरूबाट जाँच गराएका थिए । शिविरमा गेठिया, दर्द, टोनसिल, बवासिर लगायतका बिभिन्न रोगहरूको होमियोप्याथी औषधि नि:शुल्क वितरण गरिएको थियो । शिविरमा करिब ३५० जनाको स्वास्थ्य परीक्षण तथा नि:शुल्क औषधी वितरण गरिएको थियो । रोगीहरूको उपचार गर्न भारतको पंजाबबाट आएका डाक्टर महम्मद बदर अहमद साहेबबाट शिविरमा स्वास्थ्य परीक्षण गरिएको थियो ।

### बसको ठक्करबाट २ को मृत्यु

मोरङ । बुढिगंगा-१ शान्तिचोकस्थित कोशी राजमार्गमा को. १ ख ७२२५ नम्बरको बसले को. २७ प १०२२ नम्बरको मोटरसाइकललाई सोमबार बिहान ठक्कर दिँदा भएको दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा उक्त मोटरसाइकल चालक बुढिगंगा-४ बस्ने ५२ वर्षीय सुवालाल माझी खाँ र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २६ वर्षीया अन्जली माझी रहेका छन् । बसको ठक्करबाट घाइते भएका उनीहरूको बिराट मेडिकल कलेज गंगाचोकमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालक सिराहा धनगढीमाई नगरपालिका-१२ बस्ने ३४ वर्षीय सन्जिव खत्रीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### अस्पतालाई एम्बुलेन्स हस्तान्तरण

धनगढी । सुदुरपश्चिम प्रदेश सरकारले स्वास्थ्य संस्थाहरूलाई आधुनिक एम्बुलेन्स वितरण गरेको छ । आर्थिक वर्ष २०७५/७६ मा खरिद गरी सामाजिक विकास मन्त्रालय अन्तर्गत बुधबार एम्बुलेन्स वितरण गरिएको हो । सामाजिक विकासमन्त्री कृष्णराज सुवेदीले एक कार्यक्रमका बीच स्वास्थ्य संस्थालाई १६ वटा एम्बुलेन्स हस्तान्तरण गरे । सो आधुनिक एम्बुलेन्स कैलालीको सेती प्रादेशिक अस्पताल, कञ्चनपुरको महाकाली अञ्चल अस्पताल, डोटीको जिल्ला अस्पताललाई उपलब्ध गराईएको छ भने अछाममा जिल्ला अस्पताल, कमल बजार स्वास्थ्य चौकी, बान्नीगढी स्वास्थ्य चौकी र बाब्ला स्वास्थ्य चौकीलाई चारवटा एम्बुलेन्स हस्तान्तरण गरिएको छ ।

### महिला मृत फेला

बाँके । खजुरा गाउँपालिका-६ सिमलघारी दशबिगाह बस्ने ३९ वर्षीया माया सार्की मृत अवस्थामा फेला परेकी छन् । उनी आफ्नै सुत्ने कोठामा बिहीबार दिउँसो मृत अवस्थामा फेला परेकी छन् । यस सन्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### भगिनी सम्बन्धका लागि हस्ताक्षर

कपिलवस्तु । वाणगंगा नगरपालिका र चीनको छिचौं नगरबीच भगिनी सम्बन्ध कायम भएको छ । वाणगंगा नगरपालिकाका प्रमुख मंगलप्रसाद थारू र छिचौं नगर जनसरकार उपप्रमुख फु चिन क्वाङले सोमबार समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । समझदारी पत्र आदानप्रदानसँगै दुई नगरबीच भगिनी सम्बन्ध औपचारिक रूपमा अगाडि बढेको हो । आर्थिक विकास तथा लगानी प्रवर्द्धनमा सहकार्य गर्ने तथा शिक्षा, स्वास्थ्य र प्राविधिक शिक्षामा दुवै नगरबीच सहयोग आदानप्रदान गर्ने सहमति भएको छरू। पर्यटन प्रवर्द्धन र बुद्ध शिक्षामा अध्ययन अनुसन्धानमा सहयोग गर्ने समझदारी पनि भएको छ ।

# एक मधेशी शिक्षकको काठमाडौं भोगाइ



रञ्जीत कुमार यादव

मैले नेपाल मेगा कलेज, बबरमहलबाट टिचिङ्ग सुरू गरेको थिएँ । सुरूवात गर्दा पनि विष्वयगत धेरै राम्रो भएको र विद्यार्थीहरूप्रतिको व्यावहार राम्रो भएको कारणले सम्पूर्ण विद्यार्थीहरूले मन पराउँथे । जसको कारण त्यहाँका शिक्षक र स.स्थापक शिक्षकमा जलन हुन थाल्यो । उनीहरूले 'तपाइँ सलमान खान हो जो सबैले तपाईलाई नै खोज्छ' भन्थे । अरू शिक्षकहरूलाई पनि गाह्रो हुन थाल्यो ।

मधेश आन्दोलनको बेला नाकाबन्दी थियो । म शिक्षकहरूको बीचमा ढोडे मधेशको कुरा राखिदिन्थे । केही मधेशी शिक्षकहरूले मेरो कुरा सुनेर हामीलाई अरूबाट कम तपाईबाट धेरै डर लाग्छ भन्थ्यो । उनीहरूले बनाएको मानव सांगलोमा म गइन, मेरो घरको मान्छे मधेशमा मरिरहेछ र त्यसको विरोधमा बनाएको मानव सांगलोमा जान्न भनेर फेसबुकमा समेत मधेश आन्दोलनको शेयर गर्ने बानी पनि त्यत्तिकै थियो । नेपाल मेगा कलेजमा मधेशी विद्यार्थीहरूलाई शिक्षकहरूले मोदीको छोरा भन्थे । प्रश्न सोध्दा जान्छौ नाकाबन्दी गर्नलाई कसरी बुझ्छौ भन्थ्यो । दिनरात केटी लग्ने जिस्काउने शिक्षकहरू, फाउन्डरहरू त्यहाँ छदैछ । थाहा भएर पनि सुरक्षा भएकै हो ।

मेगा कलेजमा काम गर्ने अनामनगरको नेपाली शिक्षक शान्ति गिरीकी छोरी दृष्टि गिरीसँग झुठा अफेयर चलेको प्रपोज गरेको, गलत व्यवहार गरेको आरोप कलेजबालाले लगाउन थाल्यो । समय समयमा त्यही कुरा उनीहरूले मलाई धेरै पटक भने तर मेरो ऊसँग केही छैन भन्थे । उनीहरूको व्यवहार हेरेर मैले केटीलाई र उसको आमालाई मेरो अगाडि बोलाउनका लागि भने तर बोलाइएन । मैले उसको आमाको कारणले बोलेको र मद्दत गरेको हो भने । म शान्ति गिरीसँग कुरा गरे "तपाईकी छोरीले मेरो कम्पलेन गरेको हो या होइन गएर सोध्नु होस्" । अनि शान्ति गिरीको जबाफ थियो- "यो उक्साउने काम कलेजबालाले पहिला पनि गरिसकेको हो र म सबै कुरा पत्ता लगाएर तपाईलाई भन्छु ।" तर अर्को दिन सबै जना मिलिसकेको थियो । म चुप लागे । उनीहरूको कुरा मात्र सुने र एक लाइन भने मेरो अफेयर छैन । एउटा वास्तविक कुरा के छ भने शान्ति गिरीले उसकी छोरीले मन पराएको भनेर अफर गरेको थियो तर म उसको छोरीलाई मद्दत गरिदिएको थिएँ । यो सम्पूर्ण कुरा उनीहरूको षड्यन्त्र थियो या के थियो उनीहरूले जानोस् । मेगा कलेज छोड्नु पऱ्यो ।

मेगा कलेजबला र त्यहाँका शिक्षकहरू मिलेर ठाउँठाउँमा खराब व्यवहार गरेको, केटीलाई प्रपोज गरेको, विद्यार्थीहरूले कलेजबाट निकालिदिएको तथा अन्य विभिन्न खराब अपवाह फैलाउन थाल्यो । मेगा कलेजबाट निस्केपछि म एकैसाथ विभिन्न संस्था (युनिभर्सल कलेज, एसइए, साउथवेस्टर्न) मा काम गरें । युनिभर्सल कलेजको होस्टेलमा बसे । जुनसुकै ठाउँमा गएपनि विद्यार्थीहरू र कलेज व्यवस्थापनले मेरो विषयगत क्षमता र व्यवहारको प्रशंसा गर्थे । केही संस्था म आफ्नो इच्छाले छोडें तर शिक्षकहरूले भित्रभित्रै सबै ठाउँको बारेमा फेरी गलत अपवाह फैलाउन थाल्यो ।

नेपाल मेगा कलेजबाट निस्केको लगभग दुई वर्ष पछि म नेममा गएँ । एक/दुई वटा क्लास लिइसकेपछि विद्यार्थीहरूले हामीलाई आरकेवाई सर नै चाहिन्छ भनेर माग गरे । त्यहाँको संयोजकले पनि कुनै कम्पलेन छैन भन्यो । त्यसपछि मेगा कलेजबालाले शान्ति गिरीसँग मिलेर फेरि कम्पलेन गऱ्यो । मेरो क्लास कहिल्यै पनि राखेन । नेममा २-३ घण्टा मात्र काम गरेको थिएँ । म यहाँ कुनै केटी वा केटीको अभिभावक वा गलत अभिभावकको कम्पलेन आएको भनेर एक्सन लिएँ तर नविन शर्माले त्यस्तो कुनै कुरा छैन भन्यो । अब नेम छोडेको लगभग दुईवर्ष पछि ओसिएन इन्जिनियरिङ्ग इन्ट्रान्समा काम गर्दा नेम र मेगा कलेजबाला, साउथ वेर्स्टन कलेजका केही शिक्षकहरूसँग मिलेर फेरि गलत अपवाह (केटीसँग लाग्ने गलत व्यवहार गरेको, अफेयर चलेको, विद्यार्थीले निकालिदिएको इत्यादी) फैलाएर साउथवेस्टर्नबाट निकालेको आरोपमा मिटिङ्ग बसायो । जब कि म त्यति बेलासम्म साउथ वेस्टर्नमा छँदै थिएँ । साथै नविन शर्माले नेममा पनि शान्ति गिरीको कम्पलेन आएको कुरा खोल्यो । अब कसले सही कुरा बोल्छ, सहि-गलत के छ, त्यो कुरा प्रष्टीकरण माग्नुपऱ्यो । उनीहरूसँग साउन वेस्टर्नमा त्यहाँको शिक्षक कोर्डिनेटसँग मिलेर पठन पाठन ध्वस्त बनाइसकेको थियो । म त्यसको विरूद्धमा आएँ, बोर्ड सदस्यलाई समय समयमा सूचना दिएँ । लगभग एक वर्षसम्म विपक्षमा बसेर सम्पूर्ण टिमको अभ्यास गर्न लगाए । यहाँ पाँच पेज लेखेर समेत दिए । त्यति मात्र होइन बोर्ड सदस्यलाई फोनमा जे भन्थे त्यही कुरा मिटिङ्गमा भन्थ्यो । तपाइको विचार धेरै राम्रो छ मलाई पनि दुई चारवटा कुरा भन्नुस भन्थ्यो तर त्यहाँको शिक्षक, संयोजक कसैलाई पनि सुधार भएको मन पर्दैन्थ्यो । मेरो विपक्षमा पहिला पनि गुटबन्दी थियो र पछि झन बढ्न थाल्यो । बोर्ड सदस्यले पनि पछाडि पछाडि पागल भन्न थाल्यो, मेरो अगाडि मलाई सपोर्ट गर्नुस भन्न थाल्यो । सम्पूर्ण टिमको व्यवहार हेरेर काम गर्ने इच्छाशक्ति कम भइसकेको थियो । कलेज अनियमित जान थाले । म समय मिलाउनको लागि प्रस्ताव राखें तर मानेन । उल्टै समयमा आउनुहुन्न छोडदिनुस भन्यो, छोडदिएँ । त्यहाँको टिमले गलत अपवाह फैलाइराखेको प्रतिक्रिया विद्यार्थीहरूले मलाई दियो । एउटा सिस्टम मेकरसँग यस्तो व्यवहार ? मिटिङ्ग असफल भयो तर पनि नेमका नविन शर्माको बानी र शिक्षकहरूको बानी सुध्रेन । झन यसरी एक पछि अर्को आरोप । पहाडिया, मधेसिया, सिनियर, जुनियर आदी धेरै आरोपहरू लाग्दै गयो र असफल हुदै गयो र ती सबै शैक्षिक माफियाहरूको गुटबन्दी बढ्दै गयो ।

ब्लूबर्ड कलेज कुमारीपाटीमा प्रिन्सिफल, संयोजक शिक्षकहरू मसँग सिक्नलाई आउने र उल्टै मेरो रेस्पोन्स पनि लिने यो कतिको न्यायोचित ? सबै विद्यार्थीहरू मेरो तारिफ गर्ने, मेरो लागि सडकमा निस्कनका लागि तयार हुने अनि मेरो बारेमा कलेज टिम मिलेर अपवाह फैलाउने, यो के हो ? सबैले मलाई बाइकट गऱ्यो , मलाई बाइकट गऱ्यो भन्ने गर्थ्यो ।

सीआइटी कलेज तिनकुनेमा तीन वर्ष सम्म काम गर्दा दुई सालसम्म केही थिएन, तेस्रो वर्षदेखि फेरि त्यहि व्यवहार त्यहाँ पनि हुन थाल्यो । यो के हो ?

अपवाह गाउँ-गाउँसम्म, जिल्ला-जिल्लासम्म फैलियो। काठमाडौबाट निकालिदिएको हो, आरकेवाइलाई कसैले मद्धत गर्नु हुदैन । संस्थाबाट छुटे पछि निस्कदा अपवाह, फेरि अर्को दिन त्यही काम । अर्को दिन त्यही काम गर्दा गर्दै वर्ष बितिसक्यो । केटी सिक्नलाई आयो, नाम सोध्ने अनि त्यसको बारेमा अपवाह फैलाइदिने । पछाडि पछाडिमा मिटिङ्ग बसायो, शिक्षकहरूको मार्केट खतम भयो तर म विद्यार्थीहरूलाई मेहनत गरेर गुणस्तरीय शिक्षा दिएको हो । सबै ठाउँमा केटी लग्ने, जिस्क्याउने शिक्षकहरूको उल्टै संरक्षण भएकै हो ।

सबैलाई थाहा छ कि म गल्ती हेर्न चाहदैन । जसले गल्ती हेर्न सक्दैन, उसले गल्ती कसरी गर्छ । यो आफैमा प्रश्नको कुरा हो ?

यसपछि मान्छेहरू बडा क्वालिटीको कुरा गर्न आउँछ भनेर झन उग्र भयो र खराव खराब अपवाह झन चारैतिर बढ्न थाल्यो । गाउँ जाँदा काठमाडौबाट निकालिदिएको भनेर मान्छेले मेरो बहिनीको बिहे हुन दिएन् ।

म काठमाडौंमा शिक्षकहरूका बीचमा अनुशासनको नारा दिएँ । शैक्षिक माफियाहरूले काठमाडौबाट फैलाएको अपवाहको कारण गाउँ जाँदा गाउँका छोरी बुहारीहरू मलाई हेरेर डरले भाग्न थाल्यो ।

यो हो काठमाडौको कलेजस्तरको शिक्षण पेशामा आवद्ध शिक्षकहरू र शैक्षिक संस्थाहरूको संक्षिप्त बास्तविकता । जहाँ तुच्छ, भ्रष्ट विचारधाराबाट प्रेरित यिनिहरू एउटा ठूलो खुबी भएको मान्छेलाई यस्तो व्यवहार गर्छ । दिन रात एक अर्काको खुट्टा तान्न, आलोचना गर्नमा व्यस्त यी सबै जना राम्रा राम्रा कुरा गरेर ठग्न जान्या छ तर राम्रो काम कसैले गर्न चाहेको छैन, न त राम्रो काम उनीहरूलाई मन पर्छ । उनीहरू सबै जना मिलेर मेरो बारेमा अपवाह फैलाउने अनि आफ्नो समस्या कसलाई भन्छ बनाइदियो ।

**यो हो काठमाडौको कलेजस्तरको शिक्षण पेशामा आवद्ध शिक्षकहरू र शैक्षिक संस्थाहरूको संक्षिप्त बास्तविकता । जहाँ तुच्छ, भ्रष्ट विचारधाराबाट प्रेरित यिनिहरू एउटा ठूलो खुबी भएको मान्छेलाई यस्तो व्यवहार गर्छ ।**

## चिकित्सकको लापरवाहीले शिशुको मृत्यु

विराटनगर । विराटनगरको नोबेल शिक्षण अस्पतालमा चिकित्सकको लापरबाहीबाट एक शिशुको मृत्यु भएपछि पिडित पक्षलाई पैसा दिएर मिलाईएको छ । खोजेका बेला चिकित्सक नभेटिएर समयमा उपचार पाउन नसक्दा त्यहीँ जन्मिएको नवजात शिशुको मंगलबार बिहान ज्यान गएको हो। सुनसरीको बर्जु गाउँपालिका-६ चिमडीका दीपक राईकी श्रीमती ३७ वर्षीय माण्डवी राईले सोमबार बिहान सामान्य अवस्थामै दोस्रो सन्तानका रूपमा छोरो जन्माएकी थिइन् । चिकित्सकका अनुसार जन्मिएका बेला तीन किलो तौल भएका शिशुको स्वास्थ्य अवस्था राम्रो थियो । सामान्य अवस्थामै जन्मिएका शिशु र सुत्केरी आमाको स्वास्थ्य अवस्था राम्रो रहेको भन्दै मंगलबार अस्पतालले डिस्चार्ज दिने तयारी गरेको थियो । तर मंगलबार बिहान साढे ५ बजे शिशुको मृत्यु भएपछि परिवार तनावमा पऱ्यो । जन्मिएको २४ घण्टासम्म चिकित्सकले एक पटक पनि नहेरेको र स्वास्थ्य अवस्था नबुझेका कारण बच्चाको मृत्यु भएको दीपकले बताए ।

## पूर्वसांसद महतोको निधन

जनकपुरधाम । बसको ठक्करबाट ज्यान गुमाएका पूर्वसांसद रामलखन महतोको शनिबार दाहसंस्कार गरिएको छ। शुक्रवार धनुषाको मिथिला नगरपालिका वडा नम्बर २ स्थित विश्वकर्मा चोकमा यात्रुबाहक बसको ठक्करबाट महतोको मृत्यु भएको थियो । महतो तत्कालीन नेकपा एमालेबाट २०५१ मा धनुषाको निर्वाचन क्षेत्र नम्बर ५ बाट निर्वाचित भएका थिए । उनको पार्थिव शरीरलाई गाउँ परिक्रमा समेत गरिएको थियो। पूर्व सांसद महतोको छोरा विरोधकुमार महतोले दागवत्ती दिएका थिए। दागवत्ती दिनुपूर्व आयोजित श्रद्धाञ्जलीसभामा उनको पार्थिव शरीरलाई प्रदेशसभा सदस्यहरू रामचन्द्र मण्डल, सत्रुधन महतो र बटेश्वर गाउपालिकाका अध्यक्ष डम्बर बहादुर राउत लगायतकाले संयूक्तरूपमा पार्टीको झण्डा ओढाएका थिए । सो क्रममा प्रदेशसभा सदस्य रामचन्द्र मण्डलले महतोको निधनले कम्युनिष्ट आन्दोलनमा क्षती पुगेको बताए । शुक्रबार दिउसो साइकलमा सवार महतोलाई बटेश्वरस्थित विश्वकर्मा चोकमा विपरीत दिशाबाट आइरहेको बा ५ ख ८८५ नम्बरको यात्रुबाहक बसले ठक्कर थिएको थियो । बसको ठक्करबाट घाइते भएका पूर्वसांसद महतोको उपचारको क्रममा अस्पतालमा निधन भएको थियो । ठक्कर दिने बस र चालकलाई प्रहरी नियन्त्रणमा छ ।





# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय, काठमाडौं, टेकु**


## स्थानीय सम्वाद

# निजगढलाई प्रदेशकै गन्तव्य बनाउँछौं



सुरेश खनाल
मेयर, निजगढ नगरपालिका, बारा

**संघ, प्रदेश र स्थानीय तहबीच नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्नेमा त्यसमा कतै चुकेको महसुश हामीलाई पनि भएको छ तर हामीले सकेसम्म सहमतिमै आएर काम गरिरहेका छौं। प्रदेशबाट जस्तो सहयोग पाईन्छ भनेर अपेक्षा गरेका थियौं त्यस्तो सहयोग पाएका छैनौं, न्यूनतम् सहयोग त भइरहेकै छ।**

**० निजगढ नगरपालिकामा निर्वाचित भएर आएदेखि यहाँका जनताले कस्तो महसुश गरेका छन् ?**

– विशेषगरी अहिले हामीले सडक निर्माणलाई महत्व दिइरहेका छौं । शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत पूर्वाधारको क्षेत्रमा हामीले काम गरेका छौं । जनताले जुन आशा लिएर हामीलाई निर्वाचित गरेर पठाएका छन् जनताको त्यो अपेक्षा पूरा गर्नेगरी हामी काम गरिरहेका छौं ।

**० दुई दशकदेखि जनप्रतिनिधिविहीन भएको स्थानीय तहमा तपाईहरू आउँदा जनताका कस्ता अपेक्षा थिए ?**

– घरघरमा सिंहदरबार भन्ने त नारा नै छ । स्थानीय सरकार निर्माण भएसँगै सम्पूर्ण अधिकार आफ्नै हातमा हुन्छ हामीले जनताको चाहना अनुसार काम गर्न सक्छौं भन्ने सोचाईका साथ निर्वाचनमा सहभागी भएर जितेर पनि आइयो तर आर्थिक अभाव साथै अन्य विभिन्न कारणले जनताका अपेक्षाहरू पूर्ण रूपले पुरा गर्न सकिएको छैन । संघीय र प्रदेश सरकारले पनि स्थानीय सरकारलाई सहयोग गरेका छौं भनिरहँदा हामीलाई बजेटको अभाव भईरहेको छ । आगामी दिनमा संघ र प्रदेशले दिने बजेटमा भर पर्नुभन्दा पनि स्थानीय तहमा आम्दानीको स्रोतहरू बढाउनुपर्ने देखिन्छ ।

**० तपाईहरूले काम गर्दा कस्ता अप्ठ्याराहरू भोग्दै हुनुहुन्छ ?**

– नेपालको संविधानले अनुसूचि ८ मा स्थानीय तहको अधिकारको विषयमा उल्लेख गरेको छ । कर्मचारी समायोजन नै अहिलेसम्म पूर्ण रूपमा भईसकेको अवस्था छैन । हाम्रो नगरपालिकालाई ६४ जना कर्मचारी आवश्यक छ तर १०/१२ जना मात्र कर्मचारीले काम गर्नुपर्ने अवस्था छ । प्राविधिक कर्मचारीको अभाव हुँदा पनि हामी आफैं रातदिन खटेर विकास निर्माणको काम, पूर्वाधार विकासको काम, जनचेतनामुलक कामहरू गरिरहेका छौं । कर्मचारी पूर्ण नहुँदा हामीलाई धेरै समस्या परेको छ र जनतालाई दिनुपर्ने सुविधा पनि हामीले सोचेअनुरूप दिन सकिरहेका छैनौं ।

**० प्रदेश सरकारसँग तपाईहरूको समन्वय कस्तो भइरहेको छ ?**

– प्रदेश सरकारसँग मेरो एउटै गुनासो रहेको छ र संघीय सरकार वा प्रदेश सरकार जसको सहयोगमा काम भएपनि त्यो सबैको लागि राम्रो विषय हो ।हामी पनि सानै भएपनि सरकार हौं तर प्रदेश सरकारले स्थानीय तहलाई मूल्यांकन नगरेको महसुश भएको छ । स्थानीय तहका लागि विभिन्न शिर्षकमा आउने बजेटमा प्रदेश सरकारले सहकार्य गरेर जानुपर्नेमा प्रदेश सरकार मनापरी ढंगले अगाडि बढिरहेको छ । संघ, प्रदेश र स्थानीय तहबीच नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्नेमा त्यसमा कतै चुकेको महसुश हामीलाई पनि भएको छ तर हामीले सकेसम्म सहमतिमै आएर काम गरिरहेका छौं । प्रदेशबाट जस्तो सहयोग पाईन्छ भनेर अपेक्षा गरेका थियौ त्यस्तो सहयोग पाएका छैन न्युनतम् सहयोग त भइरहेकै छ ।

**० तर प्रदेश सरकारलाई भन्दा बढी अधिकार त स्थानीय सरकारसँग छ भनिन्छ नि ?**

– अधिकार त दिएको छ भनिन्छ तर व्यवहारमा लागु भइसकेको छैन । शिक्षा क्षेत्रमा दिएको अधिकार पनि जिल्लासँग समन्वयन गरेर मात्र अगाडि बढ्नुपर्ने अवस्था भएको छ । स्वास्थ्य क्षेत्रको कृषि क्षेत्रको अधिकार स्थानीय तहमा हुनेछ भनेर संविधानमा उल्लेख छ तर हामीले अहिलेसम्म पाएका छैनौं । संविधानले दिएको अधिकार पनि व्यवहारमा लागु नहुँदा समस्या उत्पन्न भएको छ ।

**० यसमा कमजोरी कहाँ र कसको देख्नुहुन्छ ?**

– हामी स्थानीय तहले वडाहरूमा २/४ लाख भन्दा तलको बजेट विनियोजन गर्दैनौं तर संघीय सरकारले ४/५ लाख बजेट एउटा वडामा पठाईदिन्छ । त्यहाँका स्थानीय प्रमुख वा त्यहाँका कार्यपालिकाको निर्णय अनुसार विनियोजित भएर बजेट जानुपर्नेमा अहिले पावर र पहुँचको भरमा कुन क्षेत्रमा कुन पार्टीको व्यक्ति प्रमुख छ भनेर हेरी आफ्नो अनुकुलको मान्छे भएन भने बजेट कम पठाउने गरेको पाईयो । प्रदेश र संघको यस्तो व्यवहारले स्थानीय निकायले जनताको चाहना अनुरूप काम गर्न नसकेको मैले महसुश गरेको छु ।

**० प्रदेश २ का मुख्यमन्त्रीको बेटी पढाऊँ, बेटी बचाऊँ अभियान कत्तिको प्रभाकारी भएको छ तपाईको नगरपालिकामा ?**

– यो नगरपालिकामा यो वर्षदेखि अभियान सुरू भएको छ गत साल थिएन । अभियान प्रभावकारी भएको छ र राम्रो सन्देश पनि गएको छ । यो मुख्यमन्त्रीज्यूको राम्रो कामको थालनी हो यो कामलाई सबैले सहयोग गरेर अगाडि लैजानुपर्छ ।

**० तर यो अभियान अन्तर्गत साईकल वितरण मात्र गर्ने अभियान जस्तो देखिएको छ यसको आलोचनापनि हुन थालेको छ नि ?**

– यो अभियान अन्तर्गत छोरी बिमा कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढिरहेको छ । हामी कुनैपनि कुराहरू निर्णय त गर्छौं तर त्यसलाई कसरी कार्यान्वयन गर्ने त्यसभित्र केके समेट्ने भन्ने विषयमा हामीभित्र द्विविधा हुन्छ यो संघ, प्रदेश र स्थानीय तह सबैको समस्या हो ।

**० तपाईहरू निर्वाचित भएर आएको लगभग २ वर्ष त बितिसक्यो अब ३ वर्ष बाँकी छ, तपाई आफ्नो कार्यकालभित्र निजगढ नगरपालिकालाई कस्तो बनाउनुहुन्छ ?**

– देशभरी भएका नगरपालिका मध्ये ३ वटा नगरपालिकाको नगर विकासको अध्यक्षमा म छु । निजगढलाई सुचना र संचारको क्षेत्रमा अगाडि बढाउने, सडक मार्गमा सुधार गर्ने त्यस्तै शिक्षा, स्वास्थ्य, खानेपानीको क्षेत्रमा सुधार गर्दै अगाडि बढ्न हामीले योजना बनाएका छौं । कृषि क्षेत्रमा सिँचाइलाई जोड दिने, निजगढमा पर्यटनको सम्भाव्यता अध्ययन गर्दै यहाँ पर्यटकीय क्षेत्रहरू विकास गर्नतर्फ मेरो ध्यान गएको छ । निजगढलाई शिक्षा र पर्यटनको हब बनाएर एउटा गन्तव्यस्थल बनाउने मेरो लक्ष्य रहेको छ । मेरो कार्यकालमा निजगढलाई २ नम्बर प्रदेशकै गन्तव्यस्थल बनाउने हिसाबले मैले काम गरिरहेको छु ।

## विश्व परिवेश

# ‘नयाँ नक्सामा नेपालको कुनै पनि भूमि राखिएको छैन’



नयाँदिल्ली । भारतले हालै सार्वजनिक गरेको नयाँ नक्सामा आफ्नो भू-भागको सही चित्रण भएको बताएको छ । भारतीय विदेश मन्त्रालयमा बिहीवार आयोजित नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता रवीश कुमारले नयाँ नक्सामा नेपालसँगको सिमानालाई रत्तीभर पनि परिवर्तन नगरिएको स्पष्ट पारेका हुन । ‘हाम्रो नक्साले भारतको सम्प्रभुतालाई देखाउँछ । नयाँ नक्सामा नेपालसँग जोडिएको सिमानामा कुनै भूगोल तलमाथि या हेरफेर गरिएको छैन’, उनले भने । ‘हाम्रो नक्साले भारतको सार्वभौम भू-भागको सही चित्रण गरेको छ,’ रवीश कुमारले भनेका छन्, ‘नयाँ नक्साले नेपालसँगको हाम्रो सिमानालाई एकरत्ती पनि परिवर्तन गरेको छैन ।’ उनले नेपाल-भारत सीमा निर्धारणको अभ्यास जारी रहेको पनि बताए । प्रवक्ता कुमारले भारत आफ्ना निकट छिमेकीहरूसँग द्विपक्षीय सम्बन्धका क्रममा उठेका सवाललाई वार्ताद्वारा समाधानका लागि तयार रहेको पनि उल्लेख गरेका छन् ।

‘विद्यमान संयन्त्रअन्तर्गत नेपालसँगको सीमा निर्धारण अभ्यास अहिले पनि जारी छ,’ उनले भनेका छन्, ‘हामीहरू सबै समस्याको समाधान संवादमार्फत नै गर्ने र द्विपक्षीय सम्बन्धको मर्मभित्र रहेर नै कुराकानी गर्ने प्रतिबद्धता दोहोरूयाउँछौं ।’ साथै उनले दुई देशबीचको सम्बन्धमा फाटो ल्याउन खोज्ने तत्वसँग सचेत रहनुपर्ने पनि बताएका छन् । ‘सबभन्दा महत्त्वपूर्ण कुरा त निहित स्वार्थ समूह दुई देशको सम्बन्धमा फाटो ल्याउनका लागि सक्रिय रहेको कुरामा दुवै पक्षले ध्यान दिनुपर्छ,’ उनले भनेका छन् । नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरालाई नयाँ नक्सामा आफूतर्फ गाभेको भन्दै आलोचना भइरहेका बेला भारतको यस्तो स्पष्टीकरण आएको हो ।

# भारतको सहयोगमा दार्चुलामा विद्यालय भवन निर्माण



काठमाडौं । भारतको सहयोगमा दार्चुलामा एक विद्यालयको निर्माण गरिएको छ । नेपालका लागि भारतीय राजदूत मंजीव सिंह पुरीले शुक्रबार श्री महेन्द्र मोडल उच्च माध्यमिक विद्यालयको उद्घाटन गरे । उक्त उद्घाटन समारोहमा माननीय उप-प्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादव, नेपाली कांग्रेसका नेता एवं दार्चुलाका सांसद दिलेन्द्र प्रसाद बडू, महाकाली नगरपालिकाका मेयर हंसराज भट्ट, दार्चुला जिल्ला समन्वय समितिका प्रमुख करवीर सिंह कार्की लगायत राजनीतिक तथा सामुदायिक नेतृत्वकर्ताको सहभागीता थियो ।

काठमाडौंस्थित भारतीय दुतावसले विज्ञप्ति मार्फत विद्यालयको भवन निर्माण भएर हस्तान्तरण भइसकेको जानकारी दिएको हो । सुदूर पश्चिम प्रदेश (प्रदेश नं ७) को दार्चुला जिल्लाको खलङ्गा गा.वि.स. मा अवस्थित श्री महेन्द्र मोडल उच्च माध्यमिक विद्यालय सन् १९६० मा स्थापना भएको हो । राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त यस विद्यालयमा विज्ञान, मानविकी तथा व्यवस्थापन संकायका उच्च माध्यमिक तहका कार्यक्रमहरू सञ्चालित छन् । यस विद्यालयले शुलभ शुल्कमा प्राथमिकदेखि उच्च माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्दछ ।

विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार योग्य तथा सीमान्तकृत वर्गका विद्यार्थीहरूलाई यस विद्यालयले विविध छात्रवृत्ति प्रदान गर्दछ । विद्यालयले खेलकुद, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला, शैक्षिक परामर्श, मल्टिमेडिया, छात्रवृत्ति, शैक्षिक भ्रमण, कक्षा कोठा लगायत अन्य विभिन्न सुविधाहरू प्रदान गर्दछ । यस विद्यालयमा २००० भन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् जसमध्ये ५० प्रतिशत छात्रा रहेका छन् ।

भारत सरकारको नेरू ३ करोड अनुदान सहयोगमा निर्मित यस दई तल्ले नयाँ संरचनामा १३ वटा कक्षा कोठा सहित एउटा बैठक कक्षा, प्रत्येक तलामा छात्र छात्राका लागि छुट्टै शौचालयको सुविधा एवं फर्निचरको पनि व्यवस्था रहेको छ ।

यस नवनिर्मित संरचनाले विद्यार्थीहरूको सिकाई वातावरणलाई अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । शिक्षाको क्षेत्रमा पूर्वाधार विस्तार गर्ने नेपाल सरकारलको प्रयासलाई पूरा गर्ने सहयोगीको रूपमा रहेको यस परियोजनासँग जोडिन पाएकोमा भारत सरकार खुशी व्यक्त गर्दछ दुतावासले निकालको विज्ञप्तिमा भनिएको छ ।

# उज्यालो वीरगन्ज कार्यक्रम उद्घाटन



वीरगन्ज । वीरगन्ज महानगरपालिकाद्धारा लागु भएको उज्यालो वीरगंज कार्यक्रमको नगर प्रमुख विजय कुमार सरावगीले उद्घाटन गरेका छन् । अत्याधुनिक प्राविधिक उपकरण जडान सहितको लाइटद्धारा महानगरपालिकाको सहरी तथा ग्रामिण भेगलाई उज्यालो बनाउने उदेश्यका साथ महानगरपालिकाले चालु आर्थिक बर्षदेखि लागु उक्त कार्यक्रमको नगर प्रमुख सरावगीले शुक्रबार साँझ दुइटा टावर लाइट बालेर उद्घाटन गरेका हुन् ।

उज्यालो वीरगन्ज अभियान'' अन्तर्गत माहानगर भित्र यसबर्ष दसवटा टावर लाईट लगाउने योजना रहेको र त्यसमध्ये वार्ड न. १९ बिन्दवासीनीको केहुनिया चौक र वार्ड १० अन्तर्गत आदर्शनगर रंगशालामा जडान भएको टावर लाईटहरूको उद्घाटन गर्दै उक्त अभियानको उद्घाटन गरिएको हो । बाँकी टावर लाइटहरूको यहि कार्तिकको अन्तिमसम्ममा संचालन हुने महानगरपालिकाले जनाएको छ ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले आउने दुइ बर्ष भित्र पुरै वीरगंज महानगरमा समय अनुसार स्वचालित टावर तथा रोड लाइट जडान गरी महानगरपालिकामा उज्यालो वीरगंज अभियान'' लाई पुरा गरिने बताए । उनले महानगरपालिकाको सबै सडक तथा चौकहरूलाई अत्याधुनिक पोलबत्ती जडान गरि वीरगंजलाई उज्यालो बनाउने आफ्नो लक्ष्य रहेको बताए ।

कार्यक्रममा समाजबादी पार्टीका केन्द्रिय सदस्य शशी कपुर मियाँ, वार्ड अध्यक्ष सन्तोश तिवारी, राजनैतिक सल्लाहकार मुकेश द्विवेदी, कार्यपालिका सदस्य सुशील साह कानु, स्वास्थ समिति सदस्य सजन अग्रबाल, युवा नेता पिन्तु उपाध्याय, समाजसेवी मुर्ली जलान र स्थानीय नेता प्रमोद यादव, केदार साह, प्रभु यादव लगायतका व्यक्तिहरूको उपस्थिती रहेको थियो ।

श्रमिकको तलब बैंकमार्फत्

भुक्तानी गरौं, भुक्तानी प्रणाली

पारदर्शी बनाऔं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## प्रदेशमै रोजगारीको प्रक्रिया अगाडि बढ्दै

जनकपुरधाम । प्रदेश २ भित्रका ४२ हजारलाई रोजगारी उपलब्ध गराउने प्रक्रिया अघि बढेको छ । प्रदेश २ सरकार, सेवा प्रदायक कम्पनी र डिएफआइडीबीच आगमी तीन वर्ष भित्र प्रदेशका युवाहरूलाई रोजगारी दिनेगरी भएको सम्झौता प्रक्रिया अघि बढेको हो । रोजगारदाता कम्पनी, लगानीकर्ता तथा डिएफआइडी र प्रदेश २ सरकारबीच प्रक्रिया अघि बढाउनेबारे मंगलवार छलफल भएको आर्थिक मामिला तथा योजनामन्त्री विजय कुमार यादवले जानकारी दिए । छलफलको क्रममा सरकारका तर्फबाट मुख्यमन्त्री लालबबाबु राउत लगायत मन्त्रीहरूले रोजगारदाता कम्पनीलाई सम्झौता अनुसार रोजगारी उपलब्ध गराउन आग्रह गरेको मन्त्री यादवले बताए। ‘रोजगारीकालागि जग्गा, सडकबाटो तथा आवश्यक पूर्वाधार र वातावरण निर्माण गर्ने सरकारले प्रतिबद्धता जनाएको छ,’ उनले भने । स्काइभेटर, डोजरलगायतका गाडी चलाउने तथा सिपमुलक कार्यको ट्रेनिङ्ग दिएर रोजगारी सिर्जना गरी रोजगार उपलब्ध गराउने उनको भनाइ छ । ट्रेनिङ्गमार्फत रोजगारकालागि युवालाई दक्ष बनाउने र श्रम आवश्यक ठाउँमा रोजगारी उपलब्ध गराउने काम गर्ने बताइएको छ । बन्द भएका र सम्भावना भएका क्षेत्रमा कसरी उद्योग धन्धा सञ्चालन गर्ने विषयमा समेत छलफल भएको हो ।

## जिल्ला समाचार

### आर्थिक वृद्धिदर उत्साहजनक : प्रचण्ड

बाँके । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री प्रचण्डले नेपालको आर्थिक वृद्धिदर उत्साजनक रहेको बताएका छन् । बाँकेमा आयोजित विभिन्न कार्यक्रमहरूमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले भने, ‘अहिले देशमा कुनै समस्या छैन । सम्पूर्ण पार्टीहरूको ध्यान मुलुकको आर्थिक विकासमा केन्द्रित छ । नेपालले मात्र होइन अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरूले नेपालको आर्थिक विकासको सम्भावना असाध्यै राम्रो छ भनेका छन् ।’ उनले नेपालको आर्थिक वृद्धिदर ७ प्रतिशत भन्दा माथि गएको बताउँदै निकै उत्साह स्थिति रहेको बताए । अब सम्पूर्ण रूपले विकास निर्माणमा केन्द्रित हुँदा त्यो आर्थिक वृद्धिदरलाई अझै बढाएर लैजान सकिने उनको विश्वास थियो । उनले नेपालगञ्जमा क्षेत्रीय विमानस्थल बनाउन पनि आफूले सक्दो पहल गर्ने बताए । उनले भने, ‘नेपालगञ्जमा पनि पोखरा र लुम्बिनीमा जस्तै विमानस्थल बनाउनुपर्छ भन्ने तपाईंहरूको माग जायज छ । यसमा मेरो पूर्ण समर्थन र पहल हुनेछ,’ अध्यक्ष प्रचण्डले हिल्सा-सुर्खेत रोड ठूलो बनाउन चीनसँग समेत कुरा भएको भन्दै उत्तर दक्षिण सडकमार्ग जोड्न सके नेपालगञ्जको विकासमा ठूलो परिवर्तन आउने बताए ।

### सामाजिक डिभिजन स्थापना गरिने

बुटवल । प्रदेश ५ सरकारले प्रदेशका १२ जिल्लामध्ये ६ जिल्लामा सामाजिक डिभिजन कार्यालय स्थापना गर्ने निर्णय गरेको छ । सामाजिक विकास मन्त्रालयबाट सबै जिल्लाको काम एकैसाथ गर्न गाह्रो भएको भन्दै प्रत्येक जिल्लाका लागि एक सामाजिक विकास डिभिजन कार्यालय स्थापना गरिने निर्णय भएको हो । प्रदेश मन्त्रीपरिषद्को बैठकका निर्णय सार्वजनिक गर्दै मंगलबार सरकारका प्रवक्ता तथा भौतिक पूर्वाधार विकासमन्त्री वैजनाथ चौधरीले डिभिजन कार्यालयका लागि तत्काल २४ जना कर्मचारीको व्यवस्थापन गरिसकेको बताए । त्यसैगरी मन्त्रीपरिषद् बैठकले बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालको स्वामित्वमा अस्पतालको वरिपरिको सटर भत्काउने निर्णय गरेको छ । बैठकले अस्पतालका सटरहरू भत्काउन सामाजिक विकास मन्त्रालयलाई स्वीकृति दिएको छ ।

### अपहरित बालकको सकुशल उद्धार

पर्सा । अपहरणमा परेका १४ वर्षीय बालकलाई वीरगंज उपमहानगरपालिकापा-२५ खलवाटोलाबाट मंगलबार राति प्रहरीले सकुशल उद्धार गरेको छ । साथै अपहरणमा संलग्न पर्सा पोखरीया नगरपालिका-६ सोनवरी बस्ने २० वर्षीय राज कुमार दासलाई प्रहरीले पक्राउ गरेको छ । काभ्रे बनेपा बस्ने पर्सा वीरगंज महानगरपालिका-२५ सिर्सिया घर भएका ती बालक कार्तिक १० गते काभ्रे बनेपाबाट घरतर्फ आउने क्रममा बेपत्ता भएपछि उनकै मोबाइलबाट बालकका बाबुसँग अपरिचित व्यक्तिले १२ लाख रूपैयाँ फिरौती रकम माग गरेको र नदिएमा हत्या गर्ने धम्की आएको भन्ने जानकारी प्राप्त हुनासाथ प्रहरीले अनुसन्धान सुरू गरेको थियो । बालकको खोजी तथा अनुसन्धानको क्रममा अपहरित बालकका बाबुसँग फिरौती रकम लिन भारतबाट मोटरसाइकलमा आएका दासले पेस्तोल देखाई झोला खोसी भाग्न खोजेपछि नियन्त्रणमा लिने क्रममा प्रहरीले घुडामुनी गोली प्रहार गर्दा घाइते भएका दासको नारायणी अस्पताल वीरगंजमा उपचार भइरहेको र अवस्था सामान्य रहेको छ । दासले प्रयोग गरेको बिआर २२ जे ०८०३ नम्बरको मोटरसाइकल, कटुवा पेस्तोल १ थान, उक्त पेस्तोलमा लोड गरिएको गोली १ राउण्ड र दासको पाइन्टको खल्तीबाट उक्त कटुवा पेस्तोलमा प्रयोग हुने गोली ४ राउण्ड र मोबाइल १ थान समेत फेला पारी प्रहरीले बरामद गरेको छ ।

### आधुनिक दुग्ध प्रशोधन केन्द्र बन्ने

रूपन्देही । रूपन्देहीको तिलोत्तमा नगरपालिकामा करिब ५० करोड रूपैयाँ लगानीमा आधुनिक दुग्ध प्रशोधन केन्द्र बन्ने भएको छ । प्रदेश ५ का जिल्लाका एक सयभन्दा बढी सहकारी संस्थाहरूको सामूहिक लगानीमा तिलोत्तमा नगरपालिका-६ पश्चिम पहुनीमा अत्याधुनिक दुग्ध प्रशोधन केन्द्र बन्न लागेको हो । सहकारी ऐन २०७४ अनुसार बचत तथा ऋण, बहुउद्देश्यीय र दुग्ध सहकारीहरू मिलेर विशिष्टीकृत सहकारी संघ बनाउन सकिने र त्यसले ठूला परियोजनाहरूमा लगानी गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार नेपालमै पहिलोपटक धेरै सहकारी संस्थाहरूको संयुक्त लगानीमा दुग्ध प्रशोधन केन्द्र बनाउन लागिएको हो । लुम्बिनी विशिष्टीकृत सहकारी संघ रूपन्देहीका अध्यक्ष डा. खगराज शर्माका अनुसार दुग्ध प्रशोधन केन्द्रको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाउन शुरू भइसकेको छ । डेढ वर्षभित्र भौतिक संरचनाहरू निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्य छ । यो प्रशोधन केन्द्र नेपालकै अत्याधुनिक हुने शर्माको दाबी छ । अल्ट्रा हाइटेम्प्रेचर पाष्सचराइजेसन प्रविधिबाट प्रशोधन भई उत्पादन हुने तरल दूध ६ महिनादेखि ८ महिनासम्म खानयोग्य हुने अध्यक्ष शर्माले बताए ।

### “विकासमा अवरोध सिर्जना गर्न खोजियो”

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तुको बुद्धभूमि नगरपालिकाका नगर प्रमुख केशव कुमार श्रेष्ठले नगरपालिकाको विकासको गति देखेरे विभिन्न तत्वहरूले विकासमा अवरोध खडा गर्न लागेको बताएका छन् । नगरपालिकाको विभिन्न समाचार तथा टिका टिप्पणी बाहिर आएपछि आइतबार नगरपालिकामा जिल्लाका कृयाशिल पत्रकारलाई बोलाएर नगर प्रमुख श्रेष्ठले पछिल्ला घटनाको बारेमा जानकारी गराएका छन् । जिल्लामै भौतिक विकासका साथै सामाजिक विकासका कामहरू देखेर अन्य पक्षले नगरपालिकाका अनावश्यक रूपमा बखेडा मच्चाउन लागेको उनले बताए । नगरपालिकाले पूर्ण खोप, बालविवाह मुक्त नगर, साक्षर नगर जस्ता काम गर्दा विपक्षीहरूलाई समस्या भएकोले कर्मचारीको विषय लिएर अनावश्यक प्रचार गर्न लागेको श्रेष्ठले बताए । दुई बर्षे कार्यकाल सकेर रूकुमको मुसीकोट सरूवा भएका प्रमुख प्रशासकीय अधिकृत मेघनाथ पाध्या पुनः थमौती लिएर नगरपालिका आए पछि विवाद बढ्दै गएको उनले बताए । समय पुगेपछि कर्मचारी सरूवा हुनु स्वभाविक प्रक्रिया रहे पनि प्रमुख प्रशासकीय अधिकृत पाध्याले अनावश्यक किचलो झिक्ने काम गरेको बताए ।

### नगरपालिकाको कार्य बहिष्कार गरिने

राकेश यादव, रौतहट । समाजवादी पार्टी नगर समिति राजदेवी रौतहटले राजदेवी नगरपालिकाले माग सम्बोधन नगरेसम्म नगरपालिकाको कार्य बहिष्कार गर्ने निर्णय गरेको छ । नगरपालिकाले गरेको कार्य खर्चको विवरण उपलब्ध गराउन २५ बुँदे माग सहितको ज्ञापन पत्रप्रति राजदेवी नगरपालिकाले कुनै वास्ता नगरी दिइएको १५ दिनको समयमा कागजात उपलब्ध नगरेकोले यस्तो निर्णय गरिएको हो । आइतबार बसेको पार्टीको नगर कार्य समितिको बैठकबाट नगरपालिकाको कार्य बहिष्कार गर्ने निर्णय गरिएको नगर अध्यक्ष रामेश्वर प्रसाद यादवले बताएका छन् । पार्टीको तर्फबाट नगर सभा र कार्यपालिकामा प्रतिनिधित्व गर्दै आएका २१ जना निर्वाचित जनप्रतिनिधिहरूले खर्च विवरण सार्वजनिक नगरेसम्म नगरपालिकाको कुनै पनि निर्णयमा हस्ताक्षर नगर्ने घोषणा समेत गरेको नगर अध्यक्ष यादवले बताए ।

### पेस्तोल र गोलीसहित दुई जना पक्राउ

मोरङ । मोरङ जिल्लामा पेस्तोल र गोलीसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । कटहरी गाउँपालिका-१ स्थित सिंघीया खोला नजिकबाट सोही गाउँपालिका(२ बस्ने २३ वर्षीय सुरज कुमार भन्ने बिक्की कुमार भगतलाई अटोमेटिक पेस्तोल १ थान, त्यसमा लाग्ने गोली १ थान, म्यागिजन २ थान र सीमकार्ड ५ वटा सहित शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ । सोही खोला नजिकको खुल्ला मैदानमा छठ पूजाको अवसरमा स्थानीय एक युवाक्लबले आयोजना गरेको साँस्कृतिक साँझ तथा नृत्य कार्यक्रममा केही व्यक्तिहरूले ढुंगा प्रहार गरेकोले उक्त स्थानमा खटिएको प्रहरीले शंकास्पदहरूलाई तलासी गर्ने क्रममा भगतलाई उक्त हतियार तथा गोली सहित फेला पारी पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा भगतले उक्त हतियार मोरङ धनपालथान गाउँपालिका-७ कदमहा बस्ने २८ वर्षीय मुकेश कुमार मण्डलबाट प्राप्त गरेको खुल्न आए पश्चामत् जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले मण्डललाई समेत आइतबार साँझ बिराटनगर महानगरपालिका-७ जलजला चोकबाट पक्राउ गरेको छ ।

# भारतद्वारा मठाधीश भवन निर्माण

काठमाडौं । नेपालका लागि भारतीय राजदूत मंजीव सिंह पुरीले बुढानीलकण्ठ नगरपालिकामा अवस्थित बुढानीलकण्ठ नारायण मन्दिरको नवनिर्मित मठाधीश भवनको उद्घाटन गरेका छन् । सो उद्घाटन समारोहमा बुढानीलकण्ठ नगरपालिकाका मेयर उद्धव खरेल, जिल्ला समन्वय समितिका अध्यक्ष शिवसुन्दर राज वैद्य लगायत राजनीतिक तथा सामुदायिक नेतृत्वकर्ताहरूको सहभागीता थियो । यो मन्दिर काठमाडौं जिल्लाको उत्तर तर्फ शिवपुरी डाँडाको काखमा अवस्थित छ । यस धार्मिकस्थलको पोखरीको मध्य भागमा नागहरूको शैय्यामा पल्टिरहेको भगवान



विष्णुको मूर्ति सम्भवतः नेपालको सबैभन्दा ठूलो प्रस्तर मूर्ति हो । संसारभरी रहेका हिन्दू धर्मावलम्बीहरूका लागि यस बुढानीलकण्ठ मन्दिरले ठूलो धार्मिक तथा सांस्कृतिक महत्व राख्दछ । यस मन्दिरको दर्शन गर्न भारत तथा विश्वको अन्य स्थानहरूबाट दैनिक रूपमा हजारौको संख्यामा तीर्थयात्रीहरू आउँछन् । मन्दिर परिसरमा निर्मित यस मठाधीश भवन भारत र नेपालबीचको सदियौं पुरानो सांस्कृतिक सम्बन्धको प्रतीकको रूपमा रहनेछ । भारत सरकारको ने.रू. २.१८ करोड अनुदान सहयोगमा निर्माण भएको नवनिर्मित यस तीन तल्ले भवनले मठाधीश तथा युवा भिक्षुहरूलाई आश्रय दिनेछ । जिल्ला समन्वय समिति काठमाडौंले यस परियोजनालाई कार्यान्वयन गरेको हो । दुई देशबीच प्रगाढ तथा घनिष्ट सम्बन्ध रहेकोले नेपालको समृद्ध धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा भारतले दर्शाएको महत्वलाई यस परियोजनाले जोड दिएको छ ।

# हेटौंडामा नेपाल-भारत मैत्री पोलिटेक्निक सञ्चालन

काठमाडौं । प्रदेश नं. ३ का मुख्यमन्त्री डोरमणि पौडेलले भारतीय राजदूतवासका कार्यभार राजदूत डा. अजय कुमारको उपस्थितिमा मकवानपुर जिल्लाको हेटौंडामा अवस्थित नेपाल-भारत मैत्री पोलिटेक्निक परियोजनाको शुभारम्भ गरेका छन् । उक्त कार्यक्रममा प्रदेश ३ का सामाजिक विकासमन्त्री युवराज दुलाल, प्रदेश ३ का आर्थिक मामिला मन्त्री कैलाश ढुङ्गेल, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटिइभिटी) का सदस्य सचिव पुष्परमण वाग्ले लगायत ६०० भन्दा बढी स्थानीय तथा विद्यार्थीहरूको उपस्थिति थियो । व्यावसायिक तालिमको क्षेत्रमा अत्याधुनिक पूर्वाधार परियोजनाको रूपमा रहेको यस



नेपाल-भारत मैत्री पोलिटेक्निक परियोजना भारत-नेपाल विकास साझेदारी कार्यक्रमअन्तर्गत भारत सरकारको भा.रू. ३८.५३ करोड अनुदान सहयोगमा निर्माण भइरहेको छ । निर्माण कन्सल्टेन्ट्स प्रा.लि.ले परियोजना व्यवस्थापन परामर्शदाताको रूपमा तथा टेलिकम्युनिकेशन्स कन्सल्ट्स इण्डिया लि.ले परियोजना ठेकदारको रूपमा ३२ एकडभन्दा बढी क्षेत्रफलमा यस पोलिटेक्निकको निर्माण गरिरहेका छन् । यस पोलिटेक्निक परियोजनाको कूल निर्माण क्षेत्रफल १९,२०० वर्ग मिटर रहनेछ । यस पोलिटेक्निकमा प्रशासनिक भवन, प्राज्ञिक भवन, सभाहल, पुस्तकालय, कार्यशाला एवम् बहुउद्देशीय हल, छात्र-छात्राका लागि छुट्टै होस्टल, प्रधानाध्यापक तथा कर्मचारीका लागि आवासीय भवनका साथै खेलकुल तथा समुदायका लागि विभिन्न सुविधाको व्यवस्था रहेको छ । यस परियोजना आगामी दुई वर्षभित्रमा सम्पन्न हुने अपेक्षा गरिएको छ । परियोजना शुभारम्भ कार्यक्रम भारत नेपालबीच रहेको मैत्री सम्बन्धको अर्को प्रमाण हुनुका साथै व्यावसायिक तथा सीप विकासका क्षेत्रमा पूर्वाधार सुदृढिकरण गर्ने नेपाल सरकारको प्रयासमा हातेमालो गर्ने भारत सरकारको प्रतिबद्धताको रूपमा रहेको भारतीय राजदूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## आर्थिक समाचार

### ग्लोबल आइएमईको शाखा रमाइलो डाँडामा

काठमाडौं । ग्लोबल आइएमई बैंकले बुधबार प्रदेश नं. १ को ओखलढुङ्गा जिल्ला, सिद्धिचरण नगरपालिका वडा नं. ११ रमाइलो डाँडाबजारमा नयाँ शाखा कार्यालय संचालनमा ल्याएको छ । ओखलढुङ्गा शाखा सञ्चालनसंगै बैंकको शाखा कार्यालयहरूको संख्या एक सय ४९ पुगेको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवामार्फत आफ्ना ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले एक सय ४९ वटा शाखा, ३० वटा राजश्व संकलन तथा एक्सटेन्सन काउण्टर, १५० एटिएम तथा १९३ शाखारहित बैंकिङ्ग सेवा र नेपालबाहिर ३ प्रतिनिधि/सम्पर्क कार्यालय मार्फत आफ्ना ११ लाखभन्दा बढी ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ । त्यस्तै बैंकले अत्याधुनिक प्रविधियुक्त भाईवर बैंकिङ्ग सेवा, मोबाइल बैंकिंङ्ग सेवा, इन्टरनेट बैंकिङ्ग सेवाको साथमा रू. १५ लाखसम्मको बिनाधितो प्रोफेशनल कर्जा पनि प्रदान गर्दै आइरहेको छ । साथै अष्ट्रेलिया, बेलायत र भारतमाप्रतिनिधि/सम्पर्क कार्यालय स्थापना गरेर सेवा प्रदान गर्दै आईरहेको छ । त्यसैगरी बैंकले मलेसिया, दक्षिण कोरिया, साउदी अरेबिया, कतार, युएई, बहराइन, जोर्डन लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

### दक्षता अभिवृद्धिका लागि तालिम

काठमाडौं । मेगा लर्निङ एन्ड डेभलपमेन्ट सेन्टरमार्फत आफ्ना कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि तालिम प्रदान गर्दै आएको मेगा बैंक नेपालले अब आफ्नै कार्यालय रहेको भवनबाट मेगा लर्निङ एन्ड डेभलपमेन्ट सेन्टरका साथै रिसोर्स सेन्टर समेत सञ्चालनमा ल्याउने भएको छ । मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले ज्ञानेश्वरस्थित बैंकको कार्यालय परिसरमा बिहीबार एक समारोहबीच नवनिर्मित मेगा लर्निङ एन्ड डेभलपमेन्ट सेन्टरको उद्घाटन गरे । कार्यक्रममा मेगा बैंकका सञ्चालकहरू, सीईओ, एडीसीईओ, अन्य उच्च व्यवस्थापन श्रेणीका कर्मचारीलगायतको उपस्थिति थियो । मेगा बैंकमा कार्यरत कर्मचारीहरूको सीप, ज्ञान एवं दक्षता अभिवृद्धि गर्दै अझै प्रभावकारी ढंगले ग्राहकहरूलाई उत्कृष्ट बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यले यस सेन्टरलाई बैंककै कार्यालय रहेको भवनमा स्थापना गरिएको अध्यक्ष भोजबहादुर शाहले जानकारी दिए ।

### सनसाइजको ऋणपत्र जारी

काठमाडौं । सनराइज बैंकको १ हजार रूपैयाँ अंकित दरको सात वर्ष भुक्तानी अवधि भएको वार्षिक १०।२५प्रतिशत ब्याजदर अर्धवार्षिक रूपमा भुक्तानी गर्ने गरी ३ अर्ब रूपैयाँ रकम बराबरको ऋणपत्र बुधबारदेखि निष्कासन गरिँदै छ । निष्कासन चाँडोमा यही आइतबार र ढिलोमा मंसिर १९ गतेसम्म खुला रहनेछ । ३ अर्ब रूपैयाँमध्ये १२ लाख कित्ता बराबरको १ अर्ब २० करोड रूपैयाँको ऋणपत्र सर्वसाधारणहरूमा सार्वजनिक निष्कासनको माध्यमबाट बिक्री गर्नका लागि तथा १८ लाख कित्ता बराबरको १ अर्ब ८० करोड रूपैयाँ मात्र ऋणपत्र परिपत्र विधिबाट संस्थागत(व्यक्तिहरूलाई बिक्री खुला गरिएको छ । सिद्धार्थ क्यापिटल लिमिटेड निष्कासन तथा बिक्री प्रबन्धक रहेको यस ऋणपत्र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण हुनुका साथै विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट धितो राखी कर्जासमेत लिन सकिनेछ । केयर रेटिङ नेपालले न्यून कर्जा जोखिम केयर एनपीए माइनस रेटिङ प्रदान गरेको यस ऋणपत्रमा सर्वसाधारणले न्यूनतम २५ कित्ता र अधिकतम ३ लाख कित्ताका लागि आवेदन गर्न पाउनेछन् तर व्यक्तिगत तवरबाट बिक्री गरिने ऋणपत्रमा अधिकतम सीमा नलाग्ने बैंकले जनाएको छ ।

# छिन्नमस्तामा नेकपा र राजपाबीच कडा प्रतिस्पर्धा हुने

चन्दनकुमार यादव

राजविराज । तिहार छठ लगायत पर्वको रौनक सकिएलगत्तै सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका ७ मा उपनिर्वाचनको चहलपहल सुरू भएको छ । छिन्नमस्ता गाउँपालिका वडा नम्बर ७ मा तत्कालीन निर्वाचित वडा अध्यक्ष प्रभाकर यादब जिल्ला समन्वय समितिको प्रमुखमा निर्वाचित भएपछि त्यहाँ वडा अध्यक्ष पदका लागि उपनिर्वाचन हुन लागेको हो ।

मंसिर १४ मा हुने उपनिर्वाचनमा वडाध्यक्ष पदका लागि हुन लागेको उपनिर्वाचनले दल र कार्यकर्तालाई तताउन थालेको छ । जिल्ला निर्वाचन कार्यालय सप्तरी अनुसार छिन्नमस्ता गाउँपालिका ७ मा वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुन लागेको हो ।

रिक्त पदमा मंसिर १४ गते हुने उपनिर्वाचनका लागि मूख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएलगत्तै यस भेगमा चुनावी सरगर्मी बढेको हो । छिन्नमस्ता गाउँपालिकाको सखडामा जिल्ला अदालतको १ नम्वर न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवालीलाई तोकिएको निर्वाचन कार्यालय सप्तरी प्रमुख दिलिप यादवले बताए । कार्यालय स्थापना भएपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन कार्यक्रमको सूचना पनि प्रकाशित गरेको छ ।

प्रकाशित सूचनामा कात्तिक २७ गते मनोनयन दर्ता र मंसिर १ गते निर्वाचन चिन्ह प्रदान गरिने लगायतका ९ बुँदे निर्वाचन कार्यक्रम तय गरेको छ । त्यसक्रममा भेला भएका राजनीति दलसँग मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतबीच निर्वाचनबारे कुराकानी भएको जनाइएको छ ।

यता वडा अध्यक्ष पदका लागि नेकपाबाट अछेलाल यादव, राजपा नेपालको तर्फबाट राजपा नेपाल तत्कालीन वडाअध्यक्षमा निर्वाचित वडा अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवका श्रीमति प्रमिला देवी यादवको उम्मेदवारी दिने भएको छ ।

यसैगरी नेपाली काँग्रेसको तर्फबाट उदयनाथ मण्डल, विष्णु कुमार यादब र शिव नारायण मण्डल वडा अध्यक्षका लागि आकाँक्षीमध्ये १ जनालाई वडा अध्यक्षको प्रत्याशी बनाउने नेपाली काँग्रेस युवा नेता तथा राजविराज वडा ५ का वडा अध्यक्ष समीर झाले बताए ।

यता समाजवादी पार्टीले छलफल गरेर वडाअध्यक्ष पदका लागि उम्मेदार टुंगो लागिनसकेकोले दुई तीन दिनमै उम्मेवार टुंगो लगाउने समाजवादी पार्टीका जिल्ला अध्यक्ष केदार यादवले जानकारी दिएका छन् ।

छिन्नमस्ता गाउँपालिका वडा ७ मा हुन गइरहेको उपनिर्वाचनको लागि १ हजार ४ सय ३ जना मतदाता रहेको सो वडामा दुई वटा मतदान केन्द्र राखेर निर्वाचन गराउन लागेको निर्वाचन अधिकृत दिलिप यादवले जानकारी दिएका छन् ।

# प्रभु साहलाई चुनौती

रौतहट । प्रदेश २ सरकारका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साहले कृषि मंत्रालयका काम देखेर प्रतिपक्षी दल आतिएको बताएका छन् । प्रदेश सरकारका कृषि मंत्रालयले प्रदेशका कृषि उत्पादन बढाउनका निमित किशन मुखी योजना कार्यान्वयनमा ल्याएको देखेर संघीय सरकारका नेतृत्व गर्ने नेकपाका नेताहरू आतिएको टिपण्णी गरेका छन् । रौतहट निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य एवं प्रदेश २ का पार्टी अध्यक्ष प्रभु साहलाइ भूमि व्यवस्था कृषि तथा सहकारी मंत्रालयको कार्यमा अनियमितता भएको भनी प्रमाणित गरेर देखाउन खुल्ला रूपमा चुनौती दिएका छन् । संचारकर्मीहरू सित कुरा गर्दै मंत्री साहले विना आधार आरोप लगाउनु राजनितिक व्यक्तिलाइ शोभा नदिने तर्क गरे । प्रदेश सरकारले किसानको लागि अनुदानमा ट्रेक्टर लगायतका कृषि उपकरण उपलब्ध गराएकोले नेकपालाइ ठूलो झटका लागेको बताए ।

## सीमा विवाद...

भारतले सार्वजनिक गरेको नक्सामा नेपालको भूभागसमेत हालेपछि नेपाल भारत सीमा विवाद फेरि एक पटक सतहमा आएको छ । अहिले भारतले आफ्नो नक्सामा राखेको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई नेपालले सार्वजनिक गरेको नक्सामा पनि राखेको छ । नापी विभागले तयार पारेको नक्सामा अहिले भारतले राखेको क्षेत्रलाई पनि समेटेको थियो ।

नेपालको भूभाग आफ्नो भन्दै भारतले नयाँ नक्सामा समेटेपछि भने नेपाली पक्षले विरोध जनाएको छ । नेपालका विभिन्न राजनीति दल, नेताहरूले भारतको विरोध गर्दै 'गो ब्याक इण्डिया'को नारा पनि लगाएको । यस विषयमा नेपालको परराष्ट्र मन्त्रालयले विज्ञप्ती जारी गरी कालापानी नेपालमै रहेको स्पष्टीकरण दिएको छ । भारतले सार्वजनिक गरेको नयाँ नक्साअनुसार नेपालको केही भू-भाग भारतमा परेको सन्दर्भमा जसरी नेपालमा अहिले व्यापक विरोध भइरहेको छ यसबाट दुई देशको सम्बन्धमा असर पर्न सक्छ । नेपालमा भारतको विरोध गरेर राष्ट्रवादी बन्ने चलन धेरै पुरानो हो । भारतीय नक्साको विरोध जसरी नेपालमा अहिले भइरहेको छ, त्यो संकीर्ण राष्ट्रवादको नमूना मात्र हो । किनभने भारतले नेपालको भूमि मिचेको जसरी दाबी गरिएको उता अर्को छिमेकी चीनले नेपालको भूमि मिचेको विषयमा ती दलहरू मौन छन् । आखिर ती दलहरूभित्र किन भारत विरोधी मानसिकता छ त ? प्रमाण अनुसार चीनले नेपालको उत्तरी सिमानामा ११ ठाउँमा सीमा मिचेको छ । चीनले नेपालका विभिन्न ४ जिल्लाकाका सीमाना मिचेको हो । चीनले हुम्ला, रसुवा, सिन्धुपाल्चोक र संखुवासभामा नेपालको भूमि मिचेको पाएको छ । तर यस विषयमा राष्ट्रवादको नारा दिने दलहरू मौन रहन्छन ।

चीनले हुम्ला, रसुवा, सिन्धुपाल्चोक, संखुवासभाका विभिन्न स्थानहरूमा सीमा मिचेको कृषि मन्त्रालयको नापी शाखाले जनाएको छ । चीनले हुम्लाको भाँगदारे खोलामा ६ हेक्टर, कर्णालमा चार हेक्टर, रसुवाको सन्जेन खोलामा दुई हेक्टर, भुर्जुग खोलामा एक हेक्टर, लेम्दे खोलामा एक हेक्टर, जबमु खोला ३ हेक्टर, सिन्धुपाल्चोकको खराने खोलामा सात हेक्टर, भोटेकोशीमा चार हेक्टर, समजुँग खोलामा ३ हेक्टर, काम खोलामा २ हेक्टर र संखुवासभाको अरूण नदीमा ४ हेक्टर जमीन कब्जा गरेको मन्त्रालयले जारी गरेको विवरणमा उल्लेख छ ।

चीनसँग जोडिएको उत्तरी नेपालमा पूर्वदेखि पश्चिमसम्म ४३ भन्ज्याङ-नाकाहरू रहेका छन् । ती भन्ज्याङहरूले नेपाल-चीन सीमा नाकाको काम गरेका छन् । तिब्बत स्वासित चीन क्षेत्रमा सडक सुविधा विस्तार हुँदै गएको सडकको सञ्जाल फिजिँदै आएकोले त्यहाँका नदी, खोला पनि नेपाल सीमाभित्र पस्दै आएकोले नेपालको भू-भाग तिब्बततर्फ गइरहेको कृषि मन्त्रालयको नापी शाखाले जनाएको छ ।

दोलखामा मात्र चीनले करिब ९ बिघा नेपाली जमिन आफ्नो भएको दाबी गरेको छ । नेपालले अस्वीकार गरेपनि विवादको समाधान हुन सकेको छैन ।

दोलखाको लामाबगर गाविसको लेप्चा गाउँस्थित कोर्लाङपारी हिमालको टिप्चा चुलीमा सीमा चिह्न चिनियाँले नेपालतिर सारेपछि उत्पन्न विवाद अझै समाधान भएको छैन ।

नेपालको भारत र चीनसँगको सीमा विवादको समाधान सडकमा विरोध गरेर हुँदैन । यसको स्थायी समाधान कुटनीतिक माध्यमबाट मात्र सम्भव छ । दलहरूले पनि सडकमा भारत वा चीन विरोधी चर्को नारा लगाउनुको साटो सरकारलाई यसको कुटनीतिक समाधान गर्न दबाब दिनुपर्छ । निश्चित रूपमा देशको सीमा मिच्नु असह्य हो र यो कसैले गर्न खोज्छ भने त्यसको डटेर विरोध गर्नुपर्छ । तर शालीन विरोध भयो भने यसले दुई देशको सम्बन्ध कायम राख्न पनि सहयोग पु-याउँछ भने सरकारलाई कुटनीतिक संवाद गर्न सजिलो हुन्छ ।



## भारतीय क्रिकेटर सचिन तेन्दुल्कर नेपाल आउने



काठमाडौं । भारतका पूर्वक्रिकेटर सचिन तेन्दुल्कर नेपाल आउने भएका छन् । सचिन युनिसेफको कार्यक्रममा सहभागी हुनका लागि नेपाल आउन लागेका हुन् । युनिसेफको सद्भावना दूत रहेका सचिन आगामी नोभेम्बर १६ मा नेपाल आउने लगभग पक्का भएको छ । उनी युनिसेफ नेपालको पोषणसम्बन्धी कार्यक्रममा सहभागी हुनेछन् । सचिनले २०७२ को भूकम्पको बेलामा नेपाललाई सहयोग गरेका थिए ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं